# अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य शिक्षा तथा अधिकारमा समावेशीकरणका लागि तयार पारिएको

# टुलकिट (Toolkit)





AMPLIFYCHANGE
BYAN
Blind Youth Association Nepal
cbm
global disability inclusion

# अपाङ्गता भएका व्यक्तिहरुको यौन तथा प्रजनन स्वास्थ्य शिक्षा तथा अधिकारमा समावेशीकरणका लागि तयार पारिएको

# टुलकिट (Toolkit)

**प्रकाशकः**

**नेत्रहीन युवा संघ नेपाल**

सुकेधारा, काठमाडौँ

फोन नं. : ०१-४३७२१६०

इमेल : byanepal@gmail.com, info@byanepal.org

blindyouthnepal  Blindyouthnepal

blindyouthinepal  byanepal.org

**सामाग्री सङ्कलन तथा लेखनः**

महेश्वर घिमिरे

**समीक्षाः**

कलाधर भण्डारी

रामचन्द्र गैह्रे

विश्वराम श्रेष्ठ

कविता बस्नेत

निलु महर्जन

**भाषा सम्पादन**

वेदराज ढुङ्गाना

**अपाङ्गता भएका किशोर किशारीहरुको यौन तथा प्रजनन स्वास्थ्य अधिकारबारे टुलकिट**

**नेत्रहीन युवा संघ नेपालद्वारा** Amplify Change **संगको साझेदारीमा प्रथम पटक प्रकाशितः २०७७** (2020)

CBM Global **संगको साझेदारीमा दोश्रो पटक ठुला छापा अक्षरमा प्रकाशितः २०८०** (2023)

# विषयसूची

**प्राक्कथन** 2

**खण्ड : एक** 1

१.१ परिचय 1

१.२ पृष्ठभूमि 1

१.३ टुलकिटको उद्देश्य 1

१.४ यो टुलकिटको उपयोग 2

**खण्ड : दुई** 3

२.१ अपाङ्गता भएका व्यक्तिहरू 3

२.२ अपाङ्गता भएका व्यक्तिहरूको यौन र यौनिकता 4

२.३ अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य अधिकारको अवस्थाको सारसंक्षेप 5

२.४ यौन तथा प्रजनन स्वास्थ्य शिक्षामा अपाङ्गता समावेशीकरण 6

२.५ बृहत् यौनिकता शिक्षामा अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण 7

**खण्ड : तीन** 10

३.१ यौन तथा प्रजनन स्वास्थ्यमा अपाङ्गता भएका व्यक्तिहरूको क्षमता अभिवृद्धि 10

३.२ यौन तथा प्रजनन स्वास्थ्य सेवाका पहुँचयुक्त सूचना र शिक्षा सञ्चार 11

३.३ यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँचयुक्तता 13

**खण्ड : चार** 16

४.१ सरकारी संस्था, तीनै तहका सरकारको नीतिगत दायित्व 16

४.२ अपाङ्गता भएका व्यक्तिहरूको संस्थाहरूको दायित्व 17

४.३ गैरसरकारी तथा निजी सेवा प्रदायकहरूको दायित्व 19

४.४ विकास साझेदारहरूको दायित्व 20

४.५ तथ्य तथ्याङ्क र अध्ययन अनुसन्धान 20

४.६ नीतिगत व्यवस्था 21

४.७ र अन्त्यमा 22

# खण्ड : एक

## 1. परिचय

नेत्रहीन  युवा संघ नेपाल, नेपालमा रहेका दृष्टिविहीन तथा न्यून दृष्टियुक्त युवाहरूले सन् २०११ मा स्थापना गरेको एक गैरसरकारी संस्था हो ।  यस संस्थाको स्थापना विशेष गरी नेपालमा रहेका दृष्टिविहीन युवाहरूको नेतृत्व, क्षमता अभिवृद्धि तथा सरकारी नीति तथा कार्यक्रमहरूमा दृष्टिविहीन तथा न्यून दृष्टियुक्त व्यक्तिहरूका सवालहरूको समावेशीकरणका लागि गरिएको हो । यस संस्थाले आफ्नो स्थापनाकालदेखि अपाङ्गता भएका युवा तथा किशोरकिशोरीहरूका यौन तथा प्रजनन स्वास्थ्यका सवालहरूमा कार्य गर्दै आइरहेको छ। यसका साथै यस संस्थाले नेपालमै पहिलो पटक अपाङ्गता भएका व्यक्तिहरूका लागि समावेशी परिवार योजना पुस्तिका तथा श्रव्यदृश्य सामग्री प्रकाशन गरेको छ । यो संस्था नेपाल नेत्रहीन संघको भातृ संस्था हुनुका साथै अपाङ्गता भएका व्यक्तिहरूको छाता संस्था राष्ट्रिय अपाङ्ग महासंघ नेपालको सदस्य संस्थाको रूपमा पनि रहेको छ।

## 2.  पृष्ठभूमि

नेत्रहीन युवा संघ नेपालले विभिन्न परियोजनाहरूमार्फत अपाङ्गता भएका युवा तथा किशोरकिशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्य अधिकारका क्षेत्रमा विविध कार्यहरू सञ्चालन गर्दै आइरहेको छ। आपङ्गता भएका व्यक्तिहरूको अधिकार उपभोगको आवस्था हेर्ने हो भने समग्रतामै न्यून अवस्था देखिन्छ। विभिन्न अन्तर्राष्ट्रिय र राष्ट्रिय कानुनका बाबजुद अपाङ्गता भएका व्यक्तिहरूका अधिकारका बारेमा हालसम्म पनि कल्याणकारी र सहयोगी व्यवहार भइरहेको वर्तमान परिप्रेक्षमा यौन तथा प्रजनन अधिकारको सवाल अझ पछाडि परेको विषय हो। जसको फलस्वरूप यो विषय न त सरकारी प्रणालीमा नै समाविष्ट हुन सक्यो न त सामाजिक संस्था एवं अपाङ्गता भएका व्यक्ति तथा उनीद्वारा सञ्चालित संस्थाहरूका सवालको रूपमा स्थापित हुन सक्यो। नेत्रहीन युवा संघ नेपाल हरेक व्यक्ति यौनिक हुन् भन्ने मान्यतालाई आत्मसात् गर्दछ। यस संघले अपाङ्गता भएका किशोरकिशोरी तथा युवाहरूको यौन तथा प्रजनन स्वास्थ्यको आवश्यकतालाई गहन रूपमा महसुस गरेको छ । यसलाई अधिकारको रूपमा स्थापित गर्ने अभियानस्वरूप नेत्रहीन युवा संघ नेपालले सन् २०१५ देखि यस क्षेत्रमा विविध कार्य गर्दै आइरहेको छ । अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास, यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सूचनामा पहुँच स्थापना एवं उपलब्ध सेवा र यसको उपयोग सम्बन्धमा अभिमुखीकरण गरी स्वास्थ्य क्षेत्रमा कार्यरत विभिन्न सेवा प्रदायक, स्वास्थ्यकर्मी, नीति तथा योजनाकार एवं तीनवटै तहका सरकारसमक्ष अपाङ्गता समावेशी यौन तथा प्रजनन स्वास्थ्य सेवा विस्तारका लागि सचेतना, पैरवी तथा सहकार्यका कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ।

उल्लेखित पृष्ठभूमिमा अपाङ्गता भएका व्यक्तिहरू खास गरी युवा तथा किशोरकिशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्यको समावेशीकरण गर्ने काम तत्कालै सम्बोधन गर्नुपर्ने सवालको रूपमा रहेको छ।

## 3. टुलकिटको उद्देश्य

राष्ट्रिय र अन्तर्राष्ट्रिय नीति, कानुन तथा प्रतिबद्धताअनुरूप अपाङ्गता भएका युवा तथा किशोरकिशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारका सन्दर्भमा रहेका रिक्तताहरूलाई पुर्दै क्रमशः मूलधारमा सञ्चालनमा रहेका कार्यक्रमहरूमा अपाङ्गता भएका युवा तथा किशोरकिशोरीहरूको समावेशीकरण प्रवर्द्धन गर्नका निमित्त एउटा व्यावहारिक मार्गदर्शनको आवश्यकता परिपूर्ति होस् भन्ने हेतुले यो टुलकिट तयार गरिएको छ।

यसका साथै सरोकारवाला निकायहरूले अपाङ्गता समावेशी यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारसम्बन्धी खासै कार्यक्रम सञ्चालन नगरेको वा कमै मात्र कार्यक्रम सञ्चालन गरेका वा भविष्यमा सञ्चालन गर्ने चाहना राखेको अवस्थामा ती निकायहरूले केकस्ता कार्यक्रम सञ्चालन गर्ने र ती कार्यक्रमहरू कसरी अपाङ्गता समावेशी बनाउन सकिन्छ भन्ने बारेमा यस टुलकिटले व्यावहारिक रूपमा मार्गनिर्देशन प्रदान गर्नेछ भन्ने विश्वास गरिएको छ।

अपाङ्गता भएका व्यक्तिहरूले पनि आफ्ना सङ्गठन (संस्था) हरूमार्फत सञ्चालन गर्ने यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारका कार्यक्रमहरूमा आफ्ना अपाङ्गतासँग सम्बन्धित र अन्य अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण सुनिश्चित गर्नका लागि यस टुलकिटले व्यावहारिक ज्ञान प्रदान गर्छ।

## 4. यो टुलकिटको उपयोग

यो टुलकिट यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारमा अपाङ्गता भएका युवा किशोरकिशोरीहरूको समावेशीकरणमा कार्य गर्ने सबै सरोकारवालाहरूलाई उपयोगी हुनेछ ।

यसका साथै यस स्रोत पुस्तिकाले यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारका क्षेत्रमा कार्य गर्ने :

- सरकारी, गैरसरकारी, निजी (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय) सेवा प्रदायक संस्थाहरू
- युवा अधिकार प्रवर्द्धनका निमित्त काम गर्ने संस्थाहरू
- अपाङ्गता भएका व्यक्तिहरूको आफ्नै संस्था/संगठन लगायत सम्पूर्ण सरोकारवालाहरू

लाई आफ्ना सूचना, सेवा तथा कार्यक्रमहरू अपाङ्गता समावेशी छन् वा छैनन् बुझ्न र यदि छैनन् भने के कसरी अपाङ्गता समावेशी बनाउन सकिन्छ भन्ने बारेमा जान्न सहयोग गर्नेछ ।

हरेक प्रयोगकर्ताले यस पुस्तिकामा रहेका खण्ड वा उपयुक्त शीर्षकअन्तर्गतका विषयहरू हेरेर आफू र आफ्नो संस्थालाई उपयुक्त हुने विषय छनोट गरी तदनुरूपको कार्य गर्न सक्दछन् ।

# खण्ड : दुई

## 2.1 अपाङ्गता भएका व्यक्तिहरू

कस्ता व्यक्तिलाई अपाङ्गता भएका व्यक्ति भन्ने बारेमा विभिन्न देशले आआफ्नै परिभाषा बनाएका हुन्छन् । विशेष गरी त्यस्तो परिभाषा ती व्यक्तिहरूलाई राज्यले दिने सेवा सुविधालाई व्यवस्थित गराउन र उनीहरूको सहभागिता बढाउनका लागि बनाइएको हुन्छ ।

**नेपालमा पनि "अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४" को दफा २ (ख) ले अपाङ्गता भएका व्यक्तिको परिभाषा गरेको छ । यस अनुसार "अपाङ्गता भएका व्यक्ति" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनुपर्छ भनी उल्लेख गरिएको छ ।**

अपाङ्गता एउटा व्यापक शब्द हो जसले क्षति (Impairment) (शरीरको कुनै भागको पूर्ण वा आंशिक कार्यमा ह्रास) को कारणले गर्दा हुने कार्यगत सीमितता (Functional limitation) र क्षतिको आधारमा समाजमा व्यक्तिलाई गरिएका सीमितताहरू र प्रतिबन्धहरूलाई जनाउँदछ ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिले अपाङ्गता भएका व्यक्ति भन्नाले "शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकलीन क्षतिद्वारा सृजित विभिन्न अवरोधहरूसँगको अन्तरक्रियाका कारणले समाजमा अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा भएको व्यक्तिसमेतलाई जनाउँदछ" भनी उल्लेख गर्दै अपाङ्गतालाई एक नवीनतम अवधारणाको रूपमा मान्यता दिएको छ ।

क्षति भन्नाले शरीरको कार्यमा ह्रास आउनु हो ।

उदाहरणका लागि, कसैले ठीक तरिकाले देख्न सक्दैन । क्षति प्रायजसो अपरिवर्तनीय हुनुका साथै जीवनकालसम्म रहने गर्दछन् । क्षतिलाई कहिलेकाहीँ उपचार पनि गर्न सकिन्छ, उदाहरणका लागि कुनै व्यक्तिमा दृष्टिसम्बन्धी क्षति रहेको छ भने चस्माको प्रयोग गरी दृष्टिमा सहजता ल्याउने ।

अपाङ्गता भन्नाले कुनै व्यक्तिमा भएको क्षतिको कारणले कुनै क्रियाकलाप गर्नका लागि अवरोधको अनुभव गर्नु हो । उदाहरणका लागि यदि कुनै व्यक्तिमा उपचार गर्न नसकिने गरी आँखाको समस्या रहेको छ भने उक्त व्यक्तिले छापिएका सामग्रीहरू पढ्न सक्दैन । यदि सामग्रीहरू ब्रेल वा श्रव्य ढाँचामा भएमा उक्त व्यक्तिलाई सामग्री र पढ्न कुनै अवरोध हुँदैन ।

अर्को शब्दमा भन्ने हो भने अपाङ्गतालाई व्यक्तिमा भएको क्षति र उक्त व्यक्तिको वातावरणबीचको सम्बन्धको कारणले सृजित हुने एक बहुआयामिक अवधारणाको रूपमा बुझ्नुपर्दछ । त्यसकारण अपाङ्गतालाई व्यक्तिविशेषको रूपमा प्रश्न गरिनु हुँदैन तर व्यक्ति र उसको वातावरणबीचको अन्तरक्रियाको कारणले सृजित अवस्थाको रूपमा बुझ्नुपर्दछ । कुनै व्यक्तिले अपाङ्गतालाई कसरी अनुभव गर्दछ भन्ने कुरामा उक्त व्यक्ति रहने वातावरणले निक्कै ठूलो प्रभाव पारेको हुन्छ । यदि वातावरण कसैका लागि पूर्ण रूपमा समावेशी छ भने उनीहरूमा भएको क्षति समस्याको रूपमा रहँदैन ।

विगतमा अपाङ्गतालाई चिकित्सकीय समस्याको रूपमा हेरी अपाङ्गता भएका व्यक्तिलाई समाजमा योग्य बनाउनका लागि उपचार गर्नुपर्ने आवश्यकतामा ध्यान दिइयो । यसले व्यक्तिलाई केन्द्रमा राखी समाजभन्दा पनि उनीहरू नै परिवर्तन हुनुपर्छ भन्ने मान्यताको विकास गर्‍यो । आजकल अपाङ्गतालाई अधिकारमुखी सवालको रूपमा हेरिन्छ । अपाङ्गता भएका मानिसहरूलाई कानुनी, अवधारणात्मक, संरचनागत, सञ्चार र अन्य अवरोधहरूको कारणले उनीहरूमा रहेका सम्भावनाहरू पूर्ण रूपमा प्राप्त गर्न नपाएका मूल्यवान् व्यक्तिहरूको रूपमा मान्यता दिइएको छ । अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिसरह शिक्षा, स्वास्थ्यसेवा र मानवीय सहायताको अधिकारलगायत सबै मानव अधिकारहरूमा समान पहुँचको सुनिश्चितता गर्दै समाजका समान सदस्यको रूपमा लिइनुपर्दछ ।

**कानुनमा परिभाषित अपाङ्गताको प्रकार**

1. शारीरिक अपाङ्गता
2. दृष्टिसम्बन्धी अपाङ्गता
3. सुनाइसम्बन्धी अपाङ्गता
4. श्रवण-दृष्टिविहीन
5. स्वर बोलाइसम्बन्धी अपाङ्गता
6. मानसिक वा मनोसामाजिक अपाङ्गता
7. बौद्धिक अपाङ्गता
8. आनुवंशिक रक्तस्राव (हेमोफिलिया) अपाङ्गता
9. अटिजम
10. बहु अपाङ्गता

## 2.2 अपाङ्गता भएका व्यक्तिहरूको यौन र यौनिकता

अपाङ्गता भएका व्यक्तिका यौन तथा यौनिकताप्रति समाजमा व्यापक भ्रमहरू रहेका छन् । यद्यपि ती भ्रमहरू क्रमशः घट्ने क्रममा छन् । उनीहरूको सामाजिकीकरण पनि क्रमशः बढ्दो क्रममा रहेको छ । अपाङ्गता भएका व्यक्तिहरूसँग घुलमिल हुने, सहकार्य गर्ने तथा सँगसँगै अध्ययन गर्नेको सङ्ख्या बढ्ने क्रममा हुनाको परिणामस्वरूप अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका बारेमा बुझ्न सजिलो हुँदै छ । साथै अपाङ्गता भएका व्यक्तिहरू स्वयंमा आएको बढ्दो सचेतना र सशक्तीकरणले गर्दा पनि सदिऔँदेखि दबेर रहेका सवालहरू क्रमशः उजागर हुन थालेका छन् ।

अपाङ्गता भएका व्यक्तिहरूको यौन चाहना वा आवश्यकता हुँदैन भन्नेसम्मको भ्रम अहिले धेरै घटेको छ । यद्यपि गम्भीर शारीरिक, बौद्धिक र मानसिक तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको सन्दर्भमा यौन र यौनिकताबारेमा नीति, कार्यक्रम र आवश्यकता र खास अभ्यासहरूका बारेमा व्यापक अन्योलताहरू रहेका छन् ।

**अपाङ्गता भएका व्यक्तिहरू पनि अन्य नागरिकसरह यौनिक व्यक्तिहरू हुन् । उनीहरूलाई पनि अन्य व्यक्तिसरह यौनिकताको सम्पूर्ण रूपमा उच्चतम उपयोग गर्न पाउने अधिकारहरू छन् ।**

- आफू कोसँग बस्ने ?
- कोसँग सम्बन्ध स्थापित गर्ने ?
- कस्तो धारणा राख्ने ?
- कस्तो पहिरन लगाउने ?
- अभिव्यक्तिको स्वतन्त्रता
- छनोटको अधिकार
- आफ्ना यौन चाहनाहरूलाई कसरी प्रस्तुत गर्ने र कसरी त्यसको परिपूर्ति गर्ने ?
- कस्तो सम्बन्धमा रहने भन्ने बारेमा अपाङ्गता भएका व्यक्तिहरूले पनि अन्य व्यक्तिहरूसरह नै निर्णय गर्न र यी अधिकारहरूको उपभोग गर्न पाउँछन् ।

यौन र यौनिकता हरेक मानवजीवनको अभिन्न अङ्ग रहेको विभिन्न दस्तावेजहरूले स्वीकार गरिसकेको छ । यो विषय व्यक्तिको शारीरिक, भावनात्मक, सामाजिक स्वास्थ्य र समृद्धिसँग जोडिन्छ । त्यसैले विश्व स्वास्थ्य संगठनले भनेझैँ यो विश्वव्यापी मुद्दा हो । यस विषयमा सबै तहका सरकारले कार्य गर्दा यौन र यौनिकताबारेमा सम्मानजनक र सकारात्मक सोचसहित कार्य गर्नु जरुरी छ ।

यौन तथा प्रजनन अधिकारको सम्मानजनक उपभोग गर्न व्यक्तिहरूले आफूले चाहेको र छनोट गरेको उपयुक्त विधिहरूको उपयोग गर्न पाउनुपर्दछ । यसको अर्थ सबै नागरिकले भेदभावमुक्त वातावरणमा सहज तरिकाले आफ्नो रोजाइको सम्बन्ध उपभोग गर्ने भन्ने पनि बुझ्नुपर्दछ ।

## 2.3 अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य अधिकारको अवस्थाको सारसंक्षेप

यौनको जैविक आवश्यकता समग्र सामाजिक र सांस्कृतिक स्वरूपअनुसार सबैमा बराबर लागू हुन्छ । अपाङ्गता भएका युवा तथा किशोरकिशोरीहरूको पनि एकै उमेर समूहका अन्य साथीसँगीहरू जसरी नै शारीरिक, मानसिक, सामाजिक परिवर्तनहरू हुन्छन् । उनीहरूका यौन जिज्ञासा वा इच्छा पनि उस्तै हुन्छन् भन्ने कुरा स्विकार्नुपर्छ । यसको अर्थ अपाङ्गता भएका व्यक्तिहरूले पनि आफ्ना अन्य साथीसँगीहरूसरह आफ्नो इच्छा र चाहनाअनुरूपको व्यवहार प्रस्तुत गर्न सक्छन् वा गरिरहेका हुन्छन् । उनीहरूको यस किसिमको व्यवहारमा अपाङ्गता भएकै कारण हुने भेदभाव, मानसिक शारीरिक  हिंसा र दुरुत्साहित गर्ने वा कतिपय परिवारमा अभिभावकका साथै परिवारका अन्य सदस्यहरूले समेत त्यस्ता व्यवहार तथा कार्यहरू गर्दा उनीहरू जोखिमपूर्ण व्यवहार अपनाउन सक्छन् ।

अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य अधिकारको सन्दर्भमा नेपालमा हालसम्म भएका विभिन्न अध्ययन-अनुसन्धानहरूमा फर्केर हेर्दा अपाङ्गता भएका व्यक्तिहरूको बृहत् आवश्यकतालाई सम्बोधन गर्न नसकेको कुरा प्रस्ट रूपमा देख्न सकिन्छ । अपाङ्गता भएका किशोरकिशोरीहरूको आफ्नो उमेर समूहका अन्य साथीहरूसँग तुलना गर्दा यौन तथा प्रजनन स्वास्थ्य अधिकारका बारेमा ज्ञानको कमी भएको, पहुँचयुक्त ढाँचामा सूचना उपलब्ध नभएको र अपाङ्गता भएका व्यक्तिहरू अनुकूल सामग्रीहरू उपलब्ध नभएकोले उनीहरू उक्त सेवा तथा कार्यक्रमहरूको लाभ लिनबाट वञ्चित रहेको कुरा देखिन्छ ।

> अध्ययनहरूले देखाएअनुसार अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी आवश्यकताहरू उनीहरूकै उमेर समूहका व्यक्तिहरूको भन्दा भिन्न नरहेको तर अन्यको तुलनामा अपाङ्गता भएका व्यक्तिहरूले तत्सम्बन्धी कुनै पनि सूचना, ज्ञान र शिक्षाको अवसर नपाउँदा जोखिममा रहेको बताइएको छ ।[1]

आफ्नो यौन तथा प्रजनन स्वास्थ्यका बारेमा आफैँ कुराकानी गर्न नसक्ने, आफ्नो आवश्यकताहरूको बारेमा बुझ्न र व्यवस्थापन गर्न नसक्ने किशोरकिशोरीहरू (जस्तै : बौद्धिक अपाङ्गता, अटिज्म, श्रवण-दृष्टिविहीन, तीव्र-मानसिक समस्या/मनोसामाजिक अपाङ्गता र बहुअपाङ्गता) को हकमा यो असाध्यै टाढाको विषय रहेको छ । त्यस्तो अवस्थामा हेरचाह गर्ने परिवारका सदस्यहरूले आफूले जानेको ज्ञान वा गर्दै आएको व्यवहारभन्दा बाहेक अन्य कुनै पनि किसिमको सहायता वा विशेष आवश्यकताको सम्बोधन भएको पाइँदैन । हेरचाह गर्ने परिवारका सदस्यहरू वा अभिभावक लक्षित यौन तथा प्रजनन स्वास्थ्यका कार्यक्रम सञ्चालन नहुनुले पनि यस विषयमा रहेको उदासीनता झल्काउँछ ।

यसका अतिरिक्त यौन तथा प्रजनन स्वास्थ्यका सेवाहरू प्रदान गर्ने संस्था अपाङ्गता भएका व्यक्तिहरूलाई सेवा लिन आह्वान गर्ने गरी वा सेवाको लागि उत्प्रेरित गर्ने गरी अपाङ्गता अनुकूलनका कुनै पनि व्यवस्थाहरू गरिएको देखिँदैन । त्यस्ता अनुकूलताहरू भनेका अवरोधमुक्त प्रवेशद्वार, साङ्केतिक भाषाका अनुवादकको व्यवस्था वा वैकल्पिक प्रविधिको व्यवस्था, अवरोधमुक्त विश्राम स्थल, शौचालय, परामर्श कोठाहरू आदि हुन् । यी कुराहरूको अभावका कारण अपाङ्गता भएका व्यक्तिहरू सेवा लिन जानका लागि हिचकिचाउने गरेको पनि देखिएको छ ।

> केही घटनाहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई राजधानी सहरमै यौन तथा प्रजनन स्वास्थ्य सेवा उपलब्ध गराउने चिकित्सकहरूबाटै दुर्व्यवहार र होची अर्घेली भएको कुरा अपाङ्गता भएका महिलाहरूले व्यक्त गरेका छन् ।[2]

अपाङ्गता भएका व्यक्तिहरूले यौन तथा प्रजनन स्वास्थ्य शिक्षा तथा अधिकारका बारेमा के कति सेवा पाएका छन् वा केकस्ता अवसरहरू पाएका छन् भन्ने बारेमा राष्ट्रिय स्तरको अध्ययन नै भएको छैन भन्दा पनि फरक पर्दैन । यस विषयमा भएका अध्ययनहरू निश्चित अपाङ्गता भएका व्यक्तिहरूको समूहसँग वा सानो समूहसँग मात्रै केन्द्रित भएको देखिन्छ । यौन तथा प्रजनन स्वास्थ्य शिक्षा तथा अधिकारका क्षेत्रमा कार्य गर्ने संस्थाहरूले यस प्रकारका अध्ययनहरू गर्ने गरेको देखिन्छ । नेपाल परिवार नियोजन संघले अपाङ्गता भएका व्यक्तिहरूको संस्थासँगको साझेदारीमा कार्यक्रम सञ्चालन गरेको छ । अन्य राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले पनि साना परियोजनाहरूमार्फत कार्यहरू गर्ने गरेका छन् ।

1 SRHR Position Paper BYAN

2 A Study on Status of Social Inclusion, Livelihood and Violence Against Disabled Women of Nepal. NDWA and Action Aid Nepal.

**अर्थपूर्ण समावेशीकरण**

अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण भन्नाले सबै प्रकारका अपाङ्गता भएका व्यक्ति र उनीहरूका सीमितता र उनीहरूले भोग्ने बाधा, अवरोध, भेदभावसमेत सम्बोधन हुने गरी उनीहरूकै संलग्नतामा योजना निर्माण गरी अन्य व्यक्तिसरह क्षमताको विकास गर्ने अवसर उपलब्ध गराउने कार्यलाई बुझ्नुपर्छ । समावेशीकरण गर्नको लागि अपाङ्गताको प्रकृतिअनुसारका उपायहरू र रणनीति बनाउनुपर्ने हुन्छ । त्यसैले अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण गर्न बहुआयामिक सोच र व्यवहार हुनुपर्दछ ।

**उदाहरणको लागि** सिकाइसम्बन्धी सीमितता भएका व्यक्तिहरू र दृष्टिसम्बन्धी सीमितता भएका व्यक्तिहरूलाई एउटै विधि र रणनीतिले काम गर्दैन । तसर्थ उनीहरूको अपाङ्गताको प्रकृतिअनुसार फरकफरक तरिका अवलम्बन गर्नुपर्ने हुन्छ । सिकाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूका लागि व्यक्तिगत सहयोगी शिक्षकको सहायताले चित्रात्मक सन्देशमार्फत यौन तथा प्रजनन शिक्षा प्रदान गर्न सकिन्छ भने दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई उक्त तरिकाले पटक्कै काम गर्दैन । उक्त व्यक्तिहरूको हकमा ब्रेल सामग्री वा श्रव्य सामग्रीको उत्पादन गरी सोको व्याख्या गरेर सिकाउन सकिन्छ ।

सबै सरोकारवालाहरूले अपाङ्गता भएका व्यक्तिको समावेशीकरण र सहभागिता भएको अभिलेख राख्दा अपाङ्गताको प्रकार छुट्टिने गरी राख्नुपर्दछ । यसरी अभिलेख राखिएकोमा कुनकुन प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको सहभागिताको अवस्था केकस्तो छ भनेर थाहा हुन्छ र सोहीअनुरूप थप कार्यहरू गर्नका लागि मद्दत हुन्छ ।

## 2.4 यौन तथा प्रजनन स्वास्थ्य शिक्षामा अपाङ्गता समावेशीकरण

अपाङ्गता भएका व्यक्तिहरूलाई समग्र रूपमा विकासको सबै विषय र क्षेत्रहरूमा सँगसँगै अघि बढाउन सकिएको छैन । आम रूपमा नै अपाङ्गताको समावेशीकरण केही पछाडि रहेको अवस्थामा यौन तथा प्रजनन स्वास्थ्य शिक्षामा समावेशीकरण सुरुवाती चरणमा नै रहेको छ ।

अपाङ्गता भएका व्यक्तिहरूलाई यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारको सबै तह तथा क्षेत्रहरूमा अन्य नागरिकसरह समावेशीकरणको थालनी गर्नु जरुरी छ ।

यस कार्यको सुरुवात यौन तथा प्रजनन स्वास्थ्य शिक्षाको समावेशीकरणबाट सुरु हुन्छ । जसरी अन्य युवा तथा किशोरकिशोरीहरूलाई विभिन्न कार्यक्रम, माध्यम र मञ्चमार्फत उनीहरूको उमेरअनुकूल यौन तथा प्रजनन स्वास्थ्य शिक्षाको व्यवस्था गरिएको हुन्छ । सोही कार्यक्रम, माध्यम र मञ्चहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई पनि क्रमशः सहभागी गर्ने रणनीति सबैभन्दा उपयुक्त हुन्छ । यद्यपि यी कार्यक्रम, माध्यम र मञ्चहरूले अपाङ्गताका प्रकृतिअनुरूप आवश्यक पर्ने पहुँचयुक्तताका विषयलाई सम्बोधन गरेको हुनुपर्छ । खास किसिमका अपाङ्गता भएका व्यक्तिहरू जस्तै अटिज्म, बौद्धिक अपाङ्गता आदिका लागि माथिकै विधि र तरिकाले काम गर्न नसक्ने हुँदा विशिष्ट प्रकृतिको कार्यक्रम र तरिकाको अवलम्बन गर्नुपर्ने हुन्छ ।

अपाङ्गता भएका व्यक्तिहरूको सन्दर्भमा यौन तथा प्रजनन स्वास्थ्य शिक्षामा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र आवश्यकता दुवै अन्य व्यक्तिहरूको भन्दा कदाचित् फरक छैन । आवश्यकता भनेको अपाङ्गता भएका व्यक्तिहरूका पनि यौन र यौनिकता हुन्छ भन्ने कुरालाई मान्यता दिनु र उक्त आवश्यकताहरू परिपूर्तिका लागि अपाङ्गताको प्रकृतिअनुसारका पहुँचयुक्त विधि र तरिकाहरूको व्यवस्था गर्नु हो ।

यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारमा अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण सुनिश्चित गर्नका लागि सरकारले विभिन्न नीति, कानुन तथा कार्यक्रमहरूमार्फत प्रतिबद्धताहरू गर्ने कार्यको थालनी गरेको छ यद्यपि ठोस र स्पष्ट रूपमा नीतिगत र कार्यक्रमगत व्यवस्थाहरू गर्न बाँकी नै छ । सैद्धान्तिक वा नीतिगत रूपमा जेजस्ता व्यवस्था भएको भए पनि व्यवहारमा भने अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरणमा रहेको चुनौतीलाई चिर्नु नै अहिलेको मुख्य आवश्यकता हो ।

### अपाङ्गता भएका व्यक्तिहरूलाई यौन तथा प्रजनन स्वास्थ्य र शिक्षाको अधिकारको चुनौतीहरू

- अपाङ्गता भएका व्यक्तिहरूको बारेमा ज्ञानको कमी वा अपाङ्गता विषयको सही बुझाइमा कमी रहेको छ ।

- करिब प्रत्येक १ सय जनामा १० जना अपाङ्गता भएका व्यक्तिहरू हुन्छन्[3] तर पनि उनीहरू सामाजिक जीवनमा त्यति बढी दृश्यात्मक हुँदैनन्। यसै कारणले गर्दा अपाङ्गता भएका व्यक्तिहरू नीतिनिर्माताहरूको आँखाबाट सधैँ छुटिरहेका हुन्छन् र

- अपाङ्गताअनुकूल नीति निर्माण भएको हुँदैन । अपाङ्गता भएका व्यक्तिहरूको सवालमा यौन तथा प्रजनन स्वास्थ्यका कार्यक्रमहरू तय गर्दा पनि यस्तै हुने गर्दछ।
- हरेक समाजमा फरकफरक किसिमबाट पूर्वाग्रह र अपाङ्गता भएका व्यक्तिहरूलाई हीनताबोध गराउने घटनाहरू भइरहेका हुन्छन्। यस्ता किसिमका पूर्वाग्रह वा हीनताबोधले अपाङ्गता भएका व्यक्तिहरूको समग्रमा मानवअधिकार उपभोगमा सीमितता ल्याउँछ नै, त्योबाहेक पनि उनीहरूले अन्य व्यक्तिसरह स्वास्थ्य सेवाहरू उपभोग गर्नबाट वञ्चित भइरहेका हुन्छन्।
- भौतिक तथा व्यवहारजन्य बाधाहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई हाल भइरहेका कार्यक्रमहरू वा उनीहरूका लागि उपलब्ध अवसरहरूसम्म पुग्न पनि रोकिरहेको हुन्छ।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि कार्यक्रमहरू निर्माण गर्दा अन्य व्यक्तिको तुलनामा बढी खर्चिलो हुन्छ भन्ने गलत सोचले पनि उनीहरूलाई नीति तथा कार्यक्रमबाट वञ्चित गरिएको हुन्छ ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित समूहका रूपमा राखेर कार्यक्रम निर्माण गर्ने तर उनीहरूसँग संस्थागत रूपमा छलफल वा परामर्श नगर्नाले कैयौँ लक्षित कार्यक्रमहरू प्रभावकारी हुन सकेका छैनन्।
- अपाङ्गता भएका व्यक्तिहरूलाई कार्यक्रम निर्माणको तहमा छलफल हुँदा एउटै मञ्चमा नबोलाउनु पनि उनीहरूप्रति गरिएको एक प्रकारको विभेद हो।
- सेवा अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका प्रतिनिधिमूलक संस्थाहरूलाई यौन तथा प्रजनन स्वास्थ्य शिक्षा वा सोसम्बन्धित निर्णय गर्ने समिति वा संरचनाहरूमा प्रतिनिधित्वको व्यवस्था भएमा नीति र कार्यक्रम निर्माणको सुरुका चरणदेखि नै अपाङ्गता विषयहरू समावेश गर्न सकिन्छ।

## 2.5 बृहत् यौनिकता शिक्षामा अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण

जीवन उपयोगी सीपमा आधारित बृहत् यौनिकता शिक्षा वा किशोरकिशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवा सञ्चालन गर्ने सरकारी निकायलगायत अन्य संघसंस्थाहरूले सञ्चालन गर्ने कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण मूल आवश्यकता हो। यदि हामीले सञ्चालन गरेका तालिम वा क्षमता विकासका अन्य कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्न सकेमा निम्नानुसारका उपलब्धि हासिल गर्न सकिन्छ :

- अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिहरूसँगै यौन तथा प्रजनन स्वास्थ्य सेवा र अधिकारसम्बन्धी शिक्षाका बारेमा धेरै कुराहरू सिक्न/सिकाउन सकिन्छ।
- अपाङ्गता भएका व्यक्तिहरू र अन्य व्यक्तिहरूबीच अन्तरक्रिया हुने हुनाले एकअर्काको यौनिकता र सेवाहरूको आवश्यकताको अवस्थाबारे बुझ्न सक्नेछन्।
- एकअर्काको सामाजिक सम्बन्ध विकास हुने हुनाले चाख र चासोका कुराहरू, समस्याहरू र चुनौतीहरू आदानप्रदान गर्न सक्छन्।
- अपाङ्गता भएका व्यक्तिहरूको बृहत् सामाजिक समावेशीकरण र सामाजिकीकरण हुँदा कतिपय चुनौतीहरूको मिलेर सामना गर्न सकिन्छ।
- अपाङ्गता भएका व्यक्तिहरू र अन्य व्यक्तिहरूबीच यौन तथा प्रजनन स्वास्थ्य सेवा र अधिकारका विषयमा रहेका समानताहरू बुझ्न र बुझाउन यसले प्रस्ट रूपमा मद्दत पुऱ्याउनेछ।
- सरोकारवाला तथा सेवाप्रदायकहरूलाई अपाङ्गता भएका व्यक्तिहरूका लागि दिइने सेवाहरूका लागि अपनाउन पर्ने पहुँचयुक्तता, अन्य तयारी र व्यवस्थापनका बारेमा जानकारी पाउन मद्दत मिल्छ।

3 WHO disability world report

## तालिम कार्यक्रममा समावेशीकरणका मूलभूत पक्षहरू

| साझा | सिकाइमा सीमितता/ अवरोध भए | शारीरिक सीमितता/ भौतिक अवरोध भए | सञ्चारमा सीमितता/ अवरोध भए | दृष्टिसम्बन्धी सीमितता/ अवरोध भए |
|---|---|---|---|---|
| • अपाङ्गता भएका व्यक्तिहरू अनुकूल तालिम सामग्री र उनीहरूको पहुँचको आवश्यकता सम्बोधन हुने गरी तालिम सञ्चालन गर्ने स्थानको छनोट गर्नुपर्दछ ।<br>• अपाङ्गता भएका व्यक्तिहरूको सिकाइ आवश्यकता र विशेष आवश्यकता बुझेका सहजकर्ताहरू तयार गरिनुपर्दछ ।<br>• तालिमको विषयवस्तुहरू अपाङ्गता भएका व्यक्तिहरूको अनुकूल तालिम पूर्व नै व्यवस्था गर्नुपर्दछ ।[4]<br>• सहजकर्ता अपाङ्गताको विभिन्न पक्षहरूका बारेमा जानकारी हुनुका साथ सृजनाशील हुनु आवश्यक छ ।<br>• अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्तिहरूसँग तालिममा सहभागी गराउँदा सराबरी गरी मिसाएर राख्नुपर्छ (छुट्टै राखिनुहुन्न)। | • सरल भाषाको सामग्री विकास गर्ने<br>• पटकपटक सिकाउने<br>• सचित्र सामग्री प्रयोग गर्ने<br>• अभिभावक / व्यक्तिगत सहयोगी समेत समावेश गरी तालिम सञ्चालन<br>• गाढा रङ्ग नलगाएका कोठामा तालिम आयोजन गर्ने<br>• व्यावहारिक अभ्यास, खेलौना, चित्र र मोडेलहरूको उपयोग<br>• सहभागीको सिकाइ आवश्यकता अनुकूल तत्काल आवश्यक भए फेरवदल गर्ने ।<br>• सञ्चार बोर्डको माध्यमबाट सञ्चार गर्ने व्यक्तिहरूका लागि छुट्टै सिकाइसामग्री बनाउने । | • शारीरिक अवस्था अनुकूल सत्रहरूको ढाँचा<br>• खेल तथा अन्य सहभागितामूलक क्रियाकलाप सबैका लागि हुने गरी गर्ने ।<br>• खुल्ला र ह्विलचियर आउजाउ गर्न सक्ने ठाउँ (शौचालय, प्रवेशद्वार, कुर्सी, टेबुल)[5]<br>• भुइँमा वा कुर्सीमा बस्ने विकल्पको छनोट गर्ने व्यवस्था गर्ने<br>• शारीरिक/भौतिक सीमितता/अवस्था अनुरूप आवश्यक पर्ने लेखन सामग्री टेबल कुर्सी समयसमयमा ब्रेकको व्यवस्था गर्ने ।<br>• शारीरिक अवस्थाअनुसारको व्यक्तिगत सहयोगी सेवाको उपलब्धता (तालिम अवधिमा) | • दोभासे/ क्याप्सन गर्ने व्यक्ति/ टेकटाइल दोभासे/ नवीनतम प्रविधिको व्यवस्था<br>• सामान्यभन्दा ढिलो गतिमा सञ्चार गर्ने<br>• पर्याप्त समयको व्यवस्था[6]<br>• सचित्र सामग्री प्रयोग<br>• सञ्चारमा बाधा नहुने स्थान छनोट<br>• सहजकर्ता र सहभागीबीच भौतिक बाधारहित कक्षा<br>• तालिम स्थानमा पर्याप्त सूचना / जानकारी सूचक बोर्ड भएको हुनुपर्छ । जस्तै : धारा शौचालय, हलमा प्रयोग हुने सङ्केत ।<br>• सञ्चारको विशेष आवश्यकतामा सहयोगी सेवाको उपलब्धता (तालिम अवधिमा) | • ठूला छापा, ब्रेल तथा नवीनतम सूचना प्रविधिको उपयोग[7]<br>• दृष्टिसम्बन्धी सीमितता भएकाहरूलाई अनुकूल सत्रहरूको ढाँचा<br>• खेल तथा अन्य सहभागितामूलक क्रियाकलाप दृष्टिसम्बन्धी सीमितता भएकाहरूलाई अनुकूल हुने गरी गर्ने ।<br>• सहभागी सबैलाई दृष्टिसम्बन्धी सीमितता भएकाहरूलाई उपयुक्त हुने गरी सहभागी हुने व्यवस्था मिलाउने ।<br>• व्यावहारिक अभ्यास, खेलौना, इम्बोज्ड चित्र र मोडेलहरूको उपयोग गर्ने ।<br>• तालिम स्थानमा दृष्टिसम्बन्धी सीमितता भएकाहरूलाई उपयुक्त हुने गरी पर्याप्त सूचना /जानकारी सूचक बोर्ड भएको हुनुपर्छ वा पर्याप्त अभिमुखीकरण गरिनुपर्छ । |

4 https://nfdn.org.np/accessibility-guideline-nep/ विस्तृत विवरण ड्रोइङ तथा डिजाइनका लागि यस लिङ्कमा भएको निर्देशिका हेर्नुहोला ।

5 यो व्यवस्थाले सुनाई तथा स्वर बोलाइमा समस्या भएका समेतलाई हुनेछ ।

6 नवीनतम प्रविधिको प्रयोगमा सूचना सञ्चार प्रविधिका विविध विषय जस्तै अक्षरका अनुकूल आकार, पृष्ठभूमिको रङको संयोजनको छनौट, छापा अक्षर पढ्ने प्रविधि (OCR), अक्षर लाई बोल् दिने सफ्टवेयर TTS स्क्रिन पढ्ने सफ्टवेयर लगायत पर्छन्।

7 जस्तै :सरल भाषाको पाठ्य सामाग्री, कुनै खास अपाङ्गताको अवस्था अनुसारको विषय वस्तुको प्रस्तुतिको फेर बदल आदी ।


**ठूलो छापा अक्षरको उदाहरण**

| सामान्य छापा अक्षर | ठूलो छापा अक्षर |
|---|---|
| जीवनोपयोगी सीपमा आधारित बृहत् यौनिकता शिक्षा वा किशोरकिशोरीमैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवा .... | जीवनोपयोगी सीपमा आधारित बृहत् यौनिकता शिक्षा वा किशोरकिशोरीमैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवा ..... |

**सरल पाठ्यसामग्री उदाहरण**

| महासन्धिको सिद्धान्त | सरलीकृत सामग्री |
|---|---|
| 1. नैसर्गिक मर्यादाको सम्मान, आफ्नो लागि आफैँ छनोट गर्ने स्वतन्त्रता; वैयक्तिक स्वायत्तता तथा स्वन्त्रताको सम्मान<br>2. गैरभेदभाव<br>3. पूर्ण र प्रभावकारी सहभागिता तथा समाजमा समावेशीकरण<br>4. भिन्नताको स्वीकार्यता, मानवता र मानव विविधताको अङ्गको रूपमा अपाङ्गता भएका व्यक्तिहरूको स्वीकार्यता<br>5. अवसरहरूमा समानता<br>6. पहुँच<br>6. महिला र पुरुषबीच समानता<br>7. अपाङ्गता भएका बालबालिकाहरूको विकासोन्मुख क्षमताको सम्मान तथा बालबालिकाहरूको पहिचान संरक्षण गर्ने अधिकारको सम्मान | 1. मानिसहरू आफूलाई लागेको छनोट गर्न स्वतन्त्र छन्, जन्मजात सम्मान पाउने हक छ, व्यक्तिको रूपमा स्वतन्त्र पनि छन् ।<br>2. कसैलाई होची अर्घेली, हेला हुने छैन ।<br>3. अन्य व्यक्तिसरह अपाङ्गता भएका व्यक्तिहरूलाई पनि समाजमा हुने सबै कुरामा भाग लिने र समाजमै बस्ने बराबर हक छ ।<br>4. अपाङ्गता भएका व्यक्तिहरू जे छन् त्यसैको सम्मान हुनेछ, उनीहरू पनि अरू फरकफरक मानिसहरू जस्तै हुन् ।<br>5. प्रत्येक व्यक्तिलाई समान अवसर हुन्छ ।<br>6. प्रत्येकलाई समान पहुँच हुनेछ, (सबै ठाउँ सबै व्यवस्था अपाङ्गता भएकालाई पनि उपयुक्त हुने गरी बनाइने छ) ।<br>7. पुरुष र महिलालाई बराबर अवसर हुनेछ ।<br>8. अपाङ्गता भएका बालबालिका जेजस्ता छन् र जसरी हुर्कन्छन् त्यसैमा पूरा सम्मान हुनेछ । |

**साङ्केतिक भाषामा दोभासे प्रयोगको उदाहरण**



# खण्ड : तीन

## 3.1 यौन तथा प्रजनन स्वास्थ्यमा अपाङ्गता भएका व्यक्तिहरूको क्षमता अभिवृद्धि

अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूलाई हेरचाह गर्ने सहयोगी वा अभिभावकहरू समेतलाई यौन तथा प्रजनन स्वास्थ्यको विषयमा आधारभूत तहदेखि नै ज्ञान निर्माण गर्नु जरुरी छ।

- अपाङ्गता भएका व्यक्तिहरूको सन्दर्भमा उनीहरूले अध्ययन गर्ने विद्यालय वा उनीहरू आश्रित रहेका संस्थाहरूमा समेत अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य शिक्षाका कार्यक्रमहरू तय गरिनुपर्दछ।
- आफ्नो हेरचाह आफैँ गर्न नसक्ने अपाङ्गता भएका व्यक्तिहरूको सन्दर्भमा उनीहरूको अभिभावक वा सहयोगीलाई पनि यस किसिमको शिक्षा दिनु जरुरी हुन्छ।
- समावेशी कक्षा सञ्चालन भएका विद्यालयमा, विद्यालय तहमा अध्यापन हुने यौन तथा प्रजनन स्वास्थ्य अधिकारका विषयहरू अपाङ्गता भएका विद्यार्थीहरू कक्षामा छन् भने उनीहरूले पर्याप्त रूपमा बुझेको र आफ्नो सन्दर्भमा त्यसलाई व्यावहारिक रूपमा लागू गर्न सक्छन् भन्ने कुरालाई शिक्षकशिक्षिकाले सुनिश्चित गर्नुपर्दछ।
- अपाङ्गता भएका व्यक्तिहरूको सामूहिक रूपमा गठन भएको क्लब वा संस्थाहरूले नियमित रूपमा यौन तथा प्रजनन स्वास्थ्य र अधिकारका बारेमा बहस चलाउन जरुरी छ।
- सरकारले निर्माण गर्ने प्रजनन स्वास्थ्य शिक्षासम्बन्धी सूचना र जानकारीमूलक सामग्रीहरू, प्रवर्धनात्मक स्वास्थ्यका कार्यक्रमहरू र प्रजनन स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमहरू अपाङ्गता भएका व्यक्तिहरूले प्राप्त गर्न सक्ने ढाँचाहरूमा समेत तयार गर्नुपर्दछ। ती कार्यक्रमहरूको सूचना अपाङ्गता समावेशी छ भन्ने कुरा सुनिश्चित गर्नुपर्दछ। यस्ता कार्यक्रमहरू वा सूचना सञ्चारका सामग्रीहरू तयार गर्दा अपाङ्गता भएका व्यक्तिहरूलाई सहभागी गराउनुपर्छ। यसो गराइयो भने कस्तो माध्यममा सामग्रीहरू उपलब्ध गराउनुपर्छ भन्ने कुराको ज्ञान ती निकायहरूले प्राप्त गर्न सक्छन्। यसो गर्नाले प्रसारित र प्रकाशित सूचनाहरू अपाङ्गता भएका व्यक्तिहरूले पर्याप्त रूपमा बुझ्न सक्नेछन्।
- अपाङ्गता भएका व्यक्तिहरूले यौन तथा प्रजनन स्वास्थ्यका बारेमा ज्ञान तथा जीवनउपयोगी सीप अभिवृद्धि गर्नुपर्छ। यसो गर्नु समग्र रूपमा विकास र सामाजिक व्यवहारमा सकारात्मक प्रभावका लागि अत्यन्त हितकर रहन्छ।
- राष्ट्रिय रणनीतिक योजनाहरू वा पाठ्यक्रममा उमेरअनुसारको यौन तथा प्रजनन स्वास्थ्य शिक्षा प्रदान गर्ने विषयहरू अपाङ्गता भएका व्यक्तिहरू अनुकूल छन् वा छैनन् भन्ने कुराको पुनरावलोकन गर्नु जरुरी छ। उक्त रणनीतिक योजनाहरू र पाठ्यक्रममा रहेका विषयवस्तुलाई अपाङ्गता भएका व्यक्तिहरूले समेत सिक्न सक्ने तरिकाका बारेमा शिक्षकशिक्षिकाहरूलाई तालिम प्रदान गर्नुपर्छ। यसो गर्नाले शिक्षण सिकाइमा यौन तथा प्रजनन स्वास्थ्यको विषयलाई अपाङ्गतामैत्री बनाउन सजिलो हुन्छ।
- यौन तथा प्रजनन स्वास्थ्य विशेषतः व्यक्तिको सामाजिक सांस्कृतिक व्यवहारसँग अत्यन्त नजिक हुने हुँदा यस्ता विषयहरू प्रायः अभिभावक वा शिक्षकशिक्षिकाभन्दा पनि आफ्नै उमेरसमूहका साथीहरूबाट बढी सिकिने गरिन्छ र सिक्न सहज पनि हुन्छ। सो कुरा अपाङ्गता भएका व्यक्तिहरूको हकमा पनि लागू हुन्छ। त्यसैले अपाङ्गता भएका व्यक्तिहरूको समूहमा पनि त्यस्ता साथी शिक्षा स्वयंसेवकहरू तयार गर्न सकिन्छ। यसरी कार्य गर्दा अपाङ्गता भएका व्यक्तिहरूले विभिन्न कुण्ठाका कारणले गुम्स्याइराखेका यौन तथा प्रजनन स्वास्थ्यका भ्रमहरू एकआपसमा छलफल एवं ज्ञानको आदानप्रदान गरी निवारण गर्न सक्छन्। यसो गर्न सकियो भने अपाङ्गता भएका व्यक्तिहरू जोखिमपूर्ण यौन व्यवहारको दुष्चक्रमा पर्नबाट समेत जोगिन सक्छन्।

जसरी युवा र किशोरकिशोरीहरूका निमित्त यौन तथा प्रजनन स्वास्थ्य शिक्षाले उनीहरूलाई आफ्नो जीवन भोगाइमा सहजता ल्याउन सहयोग पुर्‍याएको छ। त्यसै गरी अपाङ्गता भएका व्यक्तिहरूलाई यसले सरल रूपमा जीवन व्यतीत गर्नका लागि मद्दत गर्नेछ। त्यसैले यस क्षेत्रमा कार्यरत संघसंस्थाहरू, सरकारका सरोकारवाला निकायहरू र विद्यालय शिक्षकशिक्षिकाहरूले अपाङ्गता भएका व्यक्तिहरूको क्षमता अभिवृद्धिमा समन्वय गर्नुपर्दछ।

## 3.2 यौन तथा प्रजनन स्वास्थ्य सेवाका पहुँचयुक्त सूचना र शिक्षा सञ्चार

अपाङ्गता भएका व्यक्तिहरूलक्षित यौन तथा प्रजनन स्वास्थ्यका बारेमा सूचना, शिक्षा र सञ्चारका सामग्रीहरूको ठूलो अभाव छ । सीमित संघसंस्थाहरूले आफ्ना परियोजनाअन्तर्गत निर्माण गरेका भन्दा बाहेक सरकारी तवरबाट न्यून सङ्ख्यामा यस्ता सामग्रीहरू निर्माण भएका छन् । यसरी विकास गरिएका सामग्रीहरूमध्ये पनि सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको पहुँच हुने गरी निर्माण गरिएका सामग्री खासै छैनन् । केही अपाङ्गताका वर्गहरू जस्तै अटिज्म वा बौद्धिक अपाङ्गताका बारेमा उनीहरूका यौन तथा प्रजनन शिक्षा र अधिकार के हुन् र कसरी सम्बोधन गर्ने भन्ने बारेमा थप खोजीनितीको आवश्यकता रहेको छ ।

- धेरै वाक्यहरू लेखिएका र चित्रहरू प्रयोग नगरिएका सञ्चार सामग्रीहरू पनि देखिन्छ । पढ्न नसक्ने अपाङ्गता भएका व्यक्तिहरूका लागि त्यस्ता सञ्चार सामग्रीहरू उपलब्धिमूलक हुँदैनन् ।
- यस्ता सञ्चार सामग्रीहरूमा प्रयोग हुने भाषा अत्यन्त सरल हुनुपर्छ । यस्ता सामग्रीहरूमा प्रयोग भएका भाषाअनुसारको अर्थ लाग्ने उपयुक्त चित्र वा फोटोहरूको प्रयोग हुनु जरुरी छ ।
- अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य अधिकारका बारेमा दिइने सूचना तथा सञ्चार सामग्रीहरू सकेसम्म विद्युतीय माध्यमहरूमा सबैका लागि उपयुक्त हुने[8] गरी प्रचारप्रसार गरिनुपर्छ । यसो गरिएमा धेरैभन्दा धेरै अपाङ्गता भएका व्यक्तिहरूमाझ सूचना पुऱ्याउनसकिन्छ ।
- यसबाहेक पनि विशेष सञ्चारविधिको आवश्यकता (संवेगात्मक अपाङ्गता) भएका व्यक्तिहरूलाई विशेष किसिमको सञ्चार बोर्डको डिजाइन गरी यौन तथा प्रजनन स्वास्थ्यका आधारभूत ज्ञानका लागि आवश्यक शब्द तथा चित्रहरू प्रयोगमा ल्याउनुपर्छ जसले गर्दा उनीहरूले यौन तथा प्रजनन स्वास्थ्यका बारेमा बुझ्न सक्छन् । आफूलाई लागेका कुराहरू बोलीको माध्यमबाट व्यक्त गर्न नसक्ने, नहुने हुँदा उनीहरूले यस्ता चित्र वा सञ्चार बोर्डको प्रयोग गरी आफ्ना अभिभावक वा हेरचाह गर्ने व्यक्तिबाट सहयोगको अपेक्षा गर्न वा आफूलाई लागेका कुराहरू व्यक्त गर्न सक्दछन् ।

8 सबैका लागि उपयुक्त भन्नाले ठूला छापा, ब्रेल, इलेक्ट्रोनिक माध्यम, साङ्केतिक भाषा दोभासे, क्याप्सनिङ भएको, सचित्र सामग्री, सरल भाषाका सामग्री, आदि पर्छन् ।

**आम रूपमा यौन तथा प्रजनन स्वास्थ्यका लागि तयार गरिएका सामग्रीहरूमा निम्नानुसार कुराहरूको ख्याल गर्नुपर्छ :**

- साङ्केतिक भाषामा दोभासे गरिएको छ वा छैन ?




- सामग्रीहरूको सन्देशलाई (बोलीलाई) अक्षरमा लेखिएको छ वा छैन ?
- चित्रहरूको प्रयोग गरिएको छ वा छैन ?
- छापा सामग्री हो भने अक्षरहरूको आकार न्यूनदृष्टि भएका व्यक्तिहरूले पढ्न सक्ने खालका छन् कि छैनन् ?
- सरल भाषामा निर्माण गरिएको छ वा छैन ? त्यस्ता सामग्रीहरूलाई छुट्टै संस्करणसमेत बनाउन आवश्यक हुन सक्छ ।
- इन्टरनेटमा राखिएका सामग्रीहरू सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रयोग गर्न उपयुक्त हुने विभिन्न उपकरणहरू वा छनोटका अवसरहरू उपलब्ध गराइएको छ वा छैन ?
- नेपाली भाषामा निर्माण गरेका सामग्रीहरू युनिकोडमा छ कि छैन ?
- सञ्चार बोर्डको प्रयोग गरी सञ्चार गर्ने व्यक्तिहरूका लागि छुट्टै संस्करण बनाएको छ वा छैन ?


उल्लिखित विषयहरू सम्बोधन गरिएका सामग्रीहरू अपाङ्गता भएका व्यक्तिहरूका निमित्त प्रयोग गर्न उपयुक्त हुन्छन् ।

## उक्त चित्रलाई नेपाली भाषामा राख्ने




*चित्र 1 : सञ्चार बोर्डको नमुना*

*तस्बिर स्रोत : https://www.sayitwithsymbols.com*




*चित्र 2 : अटिजम भएका व्यक्तिहरूका लागिदृश्यात्मक सहयोगीनमुना चित्र*

त्यसैले यस्ता सामग्रीहरू निर्माण गर्दा अपाङ्गता भएका व्यक्तिहरूसँग वा तिनका प्रतिनिधिमूलक संघसंस्थाहरूसँग छलफल गरी प्रयोगमा ल्याउनुअगाडि उनीहरूलाई त्यसले दिने सन्देशका बारेमा एक पटक व्यावहारिकता जाँच गरी प्रयोगमा ल्याउन सकियो भने त्यस्ता सामग्रीहरू अत्यन्त प्रभावकारी हुन्छन् ।

## 3.3 यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँचयुक्तता

तल उल्लेख गरिएका केही तरिकाहरू यौन तथा प्रजनन स्वास्थ्य सेवामा अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण गर्नका निमित्त आवश्यक पर्दछन्।

- ह्विलचेयर (wheelchair) प्रयोगकर्ताहरूको लागि र्‍याम्प (ramp),[9]






Fig 1: A slope ramp with 1:15 standard

- अपाङ्गतामैत्री शौचालय (फराकिलो र समाउने ह्यान्डल (handle) भएको कमोड (commode) सहितको व्यवस्था),




9 र्‍याम्पको नापनक्सा कस्तो हुने भन्ने बारेमा अपाङ्गता भएका व्यक्तिहरूका लागि भौतिक वातावरण तथा सञ्चार सेवामा पहुँच सम्बन्धी निर्देशिका २०६९ र नेपाल राष्ट्रिय भवन निर्माण आचारसंहिता हेर्नुहोस्। https://nfdn.org.np/accessibility-guideline-nep/

- तालिम स्थानको कोठा वा आवतजावत गर्ने बाटामा धारिलो पिलर, झ्यालका पल्लाहरू वा अन्य वस्तुहरूको अवरोध नभएको,
- स्वास्थ्य उपचार कक्षमा बिरामी जाँच्ने टेबुल अपाङ्गताको प्रकृतिअनुरूप अनुकूलन गर्न मिल्ने (होचो, अग्लो बनाउने मिल्ने) खालको हुनुपर्छ,
- त्यसै गरी सूचना र सञ्चारको पहुँचका निमित्त थप व्यवस्थाहरू गरिएको (माथि सञ्चार शीर्षकमा उल्लेख गरेअनुसार) । यसअन्तर्गत साङ्केतिक भाषाको व्यवस्था अथवा क्याप्सनिङ (captioning) को व्यवस्था पर्दछन् । यसले गर्दा सार्वजनिक सरोकारसँग सम्बन्धित स्वास्थ्यका घोषणाहरू अपाङ्गता भएका व्यक्तिले सजिलै थाहा पाउन सक्नेछन् ।
- सेवासम्बन्धी सूचीका सूचना सरल भाषा र सबैले पढ्न सक्ने गरी लेखिएको हुनुपर्छ र ती सूचनालाई सचित्र बनाइनुपर्दछ ।
- ब्रेल वा ठूला छापामा सूचना राखिनुपर्छ ।
- मुख्य सूचनाहरूलाई विद्युतीय प्रविधिबाट पनि प्रकाशन प्रसारण गर्नुपर्दछ ।
- कतिपय सामग्रीहरू वितरण एवं त्यसको उपयोग गर्दा अपाङ्गता भएका सेवाग्राहीहरूलाई अत्यावश्यक ज्ञान र सीप दिइनुपर्दछ । (जस्तै कन्डमको प्रयोग गर्दा अपनाउनुपर्ने होसियारी, प्रयोगको विधि र व्यवस्थापन सम्बन्धी ज्ञान र सीप पनि दिइनुपर्दछ) ।
- परिवार योजनाका विधिहरूमा अपाङ्गताका प्रकृतिअनुरूप पहुँचयुक्त तरिकाले सम्बन्धित जानकारीहरू समावेश गर्ने । जस्तै खाने पिल्स चक्कीमा ब्रेल अक्षरमा जानकारी राख्ने । परिवार योजनाका विधिहरू सम्बन्धी सूचना र जानकारीमूलक सामग्रीहरू सबै अपाङ्गतालाई मेल खाने गरी तयार गर्ने ।
- हरेक सूचनाहरू दिइँदा वा अन्तरक्रियाहरू गर्दा बिस्तारै र सरल रूपमा प्रस्तुत गर्नुपर्दछ ताकि सबैले सम्पूर्ण रूपमा बुझ्न सकून् ।

अपाङ्गता भएका व्यक्तिहरूलाई नै लक्षित गरी वा उनीहरूले प्रयोग गर्न सक्ने उपयुक्त र अनुकूलन गरी सिर्जना गरिएका प्रविधि सफ्टवेयर (software) हरू अथवा उपकरणहरू पनि बजारमा उपलब्ध छन् । ती उपकरण तथा प्रविधिको प्रयोग गरी अपाङ्गता भएका व्यक्तिहरूले अन्य व्यक्तिहरूसरह सूचना प्राप्त गरी उत्कृष्ट रूपमा सिक्ने अवसर पाउँछन् । सम्भव भएसम्म र स्रोतले धान्नेसम्मका ती नवीनतम प्रविधिहरूको प्रयोग गर्नुपर्दछ ।

आफ्नो कार्यस्थल र कार्यक्षेत्रका कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरणको अवस्था केकस्तो छ भनी थाहा पाउनका लागि निम्नानुसार जाँच सूचीको प्रयोग गर्न सकिन्छ

| क्र. सं. | सूचक / प्रश्न | छ | छैन |
|---|---|---|---|
| 1 | के तपाइँको संस्थाले आफ्नो कार्यक्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको संस्थासँग सम्बन्ध / साझेदारी स्थापना गरेको छ ? | | |
| 2 | के तपाइँहरूले अपाङ्गता भएका व्यक्तिहरूको संस्थासँग नियमित रूपमा यौन तथा प्रजनन स्वास्थ्य अधिकारका बारेमा छलफलहरू गर्ने गर्नुभएको छ ? | | |
| 3 | के तपाइँको कार्यालयका कर्मचारीहरू अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिका बारेमा जानकार छन् ? | | |
| 4 | के तपाइँको कार्यालयका कर्मचारीहरू अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन, नियमावलीका बारेमा जानकार छन् ? | | |
| 5 | के तपाइँको कार्यालयमा कार्यरत सबैले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी आधारभूत तालिम प्राप्त गरेका छन् ? (अपाङ्गता भनेको के हो ? कति प्रकार र कुन प्रकृतिको अपाङ्गता भएका व्यक्तिहरूसँग कसरी अन्तरक्रिया गर्ने थाहा छ ?) | | |
| 6 | के तपाइँका संस्थाको वर्तमान नीति/रणनीतिमा अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य अधिकारको क्षेत्रमा कार्य गर्न सक्ने कुरा उल्लेख गर्नुभएको छ वा त्यसमा आवश्यक फेरबदलका लागि तपाइँहरू तयार हुनुहुन्छ ? | | |

| क्र. सं. | सूचक / प्रश्न | छ | छैन |
|---|---|---|---|
| 7 | के तपाइँ आफ्ना आगामी कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण पर्याप्त रूपमा गरिँदै छ भन्ने कुरामा सुनिश्चित हुनुहुन्छ ? | | |
| 8 | के तपाइँहरूले अपाङ्गता समावेशीकरणसम्बन्धी न्यूनतम मापदण्ड वा आधारहरू तयार गर्नुभएको छ ? | | |
| 9 | तपाइँको संस्थामा अपाङ्गता समावेशीकरण गर्ने आधारहरूको पर्याप्त सूचकहरू तयार छन् र त्यस्ता सूचकहरूको मूल्याङ्कन र अनुगमन कसरी गरिन्छ भन्नेबारेमा त्यसका स्वरूपहरू तयार गरिएको छ ? | | |
| 10 | के तपाइँहरूले अपाङ्गतासम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि (CRPD) र आइसीपीडी (ICPD) ले तय गरेका कार्यक्रम र अपाङ्गताको अनुकूल हुने गरी आफ्ना कार्यक्रमहरू तयार गर्नुभएको छ ? | | |
| 11 | अपाङ्गता भएका व्यक्तिहरूले हिंसा भोगेमा उनीहरूलाई कसरी हिंसाबाट मुक्त गर्ने र न्याय दिलाउने भन्ने बारेमा तपाइँहरूसँग पर्याप्त जानकारी र तयारी छ ? | | |
| 12 | के तपाइँहरूको संस्थाले कार्यक्रम सञ्चालन गर्दा अपाङ्गता समावेशीकरणका लागि पर्याप्त बजेट निर्धारण गरेको छ ? | | |
| 13 | के तपाइँहरूको संस्थाले आफ्नो कार्यक्रम र योजनामा अपाङ्गताको विषयमा सचेतना अभिवृद्धिका कार्यक्रमहरू संलग्न गरेको छ ? | | |
| 14 | के तपाइँहरूले आफ्नो अध्ययन अनुसन्धानमा अपाङ्गताको विषय समावेश गर्नुभएको छ ? | | |
| 15 | के तपाइँको संस्थामा अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य र अधिकारसम्बन्धी तालिम प्राप्त वा जानकारयुक्त मानवस्रोत छ ? | | |
| 16 | के तपाइँको संस्थाले अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी कुनै पनि किसिमको अध्ययन/अनुसन्धान गरेको छ ? | | |
| 17 | के तपाइँको संस्थाले अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी कुनै पनि किसिमका सामग्रीहरू निर्माण, प्रकाशन र प्रसारण गरेको छ ? | | |
| 18 | के तपाइँहरूको संस्थाले अपाङ्गता भएका व्यक्तिहरूलाई कर्मचारीका रूपमा स्विकारेको छ ? | | |
| 19 | के तपाइँहरूको संस्थाले अपाङ्गता भएका व्यक्तिहरूलाई विशेषज्ञका रूपमा स्विकारेको छ ? | | |
| 20 | के तपाइँहरूको संस्थाले अपाङ्गता भएका व्यक्तिहरूलाई सहजकर्ताका रूपमा स्विकारेको छ ? | | |
| 21 | के तपाइँको संस्थामा आपत्कालीन (महामारी, विपद् वा प्रकोप) समय वा अवस्थामा अपाङ्गता भएका व्यक्तिहरूको अत्यावश्यक विषयहरू सम्बोधन हुने वा गर्ने खालका योजना वा नीतिहरू निर्माण/तयार भएका छन् ? | | |

# खण्ड : चार

## 4.1 सरकारी संस्था, तीनै तहका सरकारको नीतिगत दायित्व

> तीनै तहका सरकारहरूले आफूले निर्माण गरेका नीतिनियमहरूमा स्पष्ट रूपमा अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारको बारेमा व्यवस्था गर्नुपर्छ ।

यसरी तय गरिएका नीतिनियमअनुसार आफ्ना कार्यक्रमहरूमा पर्याप्त रूपमा बजेट विनियोजन गरी ती कार्यक्रमहरू समयमै सम्पन्न गर्ने आधारहरूसमेत तयार गर्नुपर्दछ । त्यसरी कार्यक्रम सञ्चालन गर्दा अपाङ्गता भएका व्यक्तिहरूको सङ्गठनहरूसँग साझेदारीमा कार्यक्रम गर्नुपर्दछ । कार्यक्रम सञ्चालन गर्ने संस्थाहरूले सरकारी निकायबाट प्राप्त अनुदान रकमबाट सञ्चालित कार्यक्रमहरूलाई तोकिएको समयावधिभित्र सम्पन्न गरी नियमानुसार प्रतिवेदन पेस गर्नुपर्छ । अपाङ्गता समावेशी कार्यक्रमका लागि बजेट विनियोजन गर्दा अपाङ्गता भएका व्यक्तिहरूले कार्यक्रमसम्म आउन र त्यसमा सहभागी हुन लाग्ने अतिरिक्त खर्च (सहयोगीको खर्च, यातायातको अतिरिक्त भाडा आदिसमेत व्यवस्था गरिएको हुनुपर्छ । यसका साथै योजना तय गर्ने, समीक्षा गर्ने र कार्यक्रम सञ्चालनका क्रममा अपाङ्गताको प्रकृतिअनुरूप पहुँचयुक्तताको सुनिश्चित गर्नुपर्छ ।

तीनै तहका सरकारहरूले विशेष गरी यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारका क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरू र राष्ट्रिय स्तरका विकास कार्यक्रम सञ्चालन गर्ने गैरसरकारी संस्थाहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरणका सूचकहरूसहित कार्यक्रम प्रस्तुत गर्नका लागि नीतिगत रूपमा नै व्यवस्था गर्नुपर्दछ । यसो गर्न सकियो भने धेरै हदसम्म अहिले सञ्चालन भएकै कार्यक्रमहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई समेट्न सकिन्छ । यसपश्चात् सरकारले अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य अधिकारका विषयमा छुट भएका क्षेत्र तथा सञ्चालन गर्न सकिन्छ ।

| | |
|---|---|
| **संघीय सरकार** | • राष्ट्रिय तहका ऐन, नियम, नीति र निर्देशीकाहरुमा अपाङ्गता भएका व्यक्तिहरुको यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारलाई स्पष्ट रुपमा व्यवस्था गर्ने ।<br>• सरोकारवालाहरू र साझेदारहरू द्वारा सञ्चालित कार्यक्रमहरू अपाङ्गता मैत्री छन् वा छैनन् भन्ने कुरा नियमन गर्ने गरी नीति तय गर्ने ।<br>• अपाङ्गतामैत्री यौन तथा प्रजनन स्वास्थ्यका कार्यक्रमकोलागि बजेटको व्यवस्था गर्ने, मानव श्रोत तयार गर्ने ।<br>• राष्ट्रिय विकास योजनाको हिस्साको रूपमा समावेशी यौन तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्ने ।<br>• कार्यरत कर्मचारीहरू, चिकित्सकहरू लगायतलाई अपाङ्गता भएका व्यक्तिहरुको यौन तथा प्रजनन स्वास्थ्य सेवा बारेमा तालिम कार्यक्रमहरू आयोजन गर्ने । |
| **प्रदेश सरकार** | • प्रदेश सरकारहरूले प्रदेश स्तरीय नीति तथा कार्यक्रम तयगरी स्थानीय सरकारहरू र सङ्घको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ ।<br>• प्रदेशको विशिष्ट आवश्यकता, सामाजिक, सांस्कृतिक र भौगोलिक विविधताका आधारमा कार्यक्रमहरूलाई स्थानीयकृत गर्ने ।<br>• प्रदेशमा कार्यरत कर्मचारीहरू, चिकित्सकहरू लगायतलाई अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य सेवा बारेमा तालिम कार्यक्रमहरू आयोजन गर्ने ।<br>• साझेदारीमा कार्यक्रमहरू सञ्चालन गर्न पर्याप्त बजेट व्यवस्था गर्ने । |
| **स्थानीय सरकार** | • स्थानीय सरकारहरूले सञ्चालन गर्ने प्रवर्धनात्मक स्वास्थ्य कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य शिक्षा समावेशीकरण गर्ने ।<br>• विद्यालय शिक्षामा यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारका पाठ्यक्रम राख्ने ।<br>• शिक्षकशिक्षिकाहरूलाई अपाङ्गता समावेशी यौन प्रजनन स्वास्थ्य शिक्षाका बारेमा तालिम सञ्चालन गर्ने<br>• अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य शिक्षामा समावेशीकरणका लागि बजेट व्यवस्था गर्ने ।<br>• अपाङ्गता भएका व्यक्तिहरूको सङ्गठनहरूसँग साझेदारीमा कार्यक्रम गर्ने ।<br>• स्थानीय स्तरमा स्वास्थ्य/शिक्षा नीति, नियमावली, निर्देशिका बनाउँदा अपाङ्गता भएका व्यक्तिहरूको दृष्टिकोणबाट पहुँचयुक्तता, समावेशीकरण इत्यादि विषयलाई ध्यानमा राखी निमार्ण तथा पुनर्निर्माण गर्ने । |

*चित्र 3 : तीन तहका सरकारहरूको जिम्मेवारी*

## 4.2 अपाङ्गता भएका व्यक्तिहरूको संस्थाहरूको दायित्व

यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारका विषयमा आधारभूत तहदेखि राष्ट्रिय स्तरसम्मका दूरगामी असर पार्ने सबै प्रकारका कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूका संस्थाको महत्वपूर्ण भूमिका रहन्छ । अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूले सबैभन्दा पहिले यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारका विषयमा आफ्नै संस्थाको संस्थागत क्षमता वृद्धि गर्नुपर्छ र त्यसपश्चात् आफूले गर्ने पैरवी तथा सचेतनामूलक कार्यक्रमहरूमा नवीनतम विधिहरू अपनाउन जरुरी देखिन्छ ।

- अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूले आफ्ना सदस्यहरूमाझ यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारका विषयमा पर्याप्त छलफलका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारका बारेमा खुलेर कुरा गर्नु आवश्यक छ ।
- हरेक सदस्यले आफ्नो यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारका कुनै पनि जिज्ञासा साथीसँगीहरूसँग राख्न सक्ने उपयुक्त वातावरण निर्माण गर्ने जिम्मेवारी संस्थाको रहन्छ । यस्ता अवसरहरूमा अपाङ्गता भएका व्यक्तिहरूले व्यक्त गरेका भावनाहरू र साथीहरूबीच भएका कुराकानीहरूको गोपनीयता कायम गर्नुपर्दछ ।
- अपाङ्गता भएका व्यक्तिहरू विशेष गरी महिलाहरूको सवालमा उनीहरूलाई उपयुक्त हुने वा उनीहरूले सहज महसुस गर्ने उपयुक्त वातावरण बनाई यस विषयमा छलफल गर्ने जिम्मेवारी संस्थाको हुन्छ ।
- अपाङ्गता भएका व्यक्तिहरूका संस्थाले यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारका विषयमा हेर्ने गरी आफ्ना साथीहरूमध्ये कसैलाई प्राविधिक ज्ञानसमेत हुने गरी तालिम तथा शिक्षाको व्यवस्था मिलाउनुपर्छ । त्यसो गर्न नसकेमा संस्थाले अपाङ्गता भएका व्यक्तिहरूको विषयमा बुझेका विज्ञहरूको सहयोग लिनुपर्छ ।
- अपाङ्गता भएका व्यक्तिहरूका संस्थाले आफ्नो कार्यक्षेत्रमा रहेका सेवाप्रवाह गर्ने संस्थाहरूलाई अपाङ्गता समावेशीकरणबारेमा सचेतना अभिवृद्धि गर्ने, ज्ञान बाँड्ने र नयाँ ज्ञानको निर्माण गर्ने जिम्मेवारी पूरा गर्नुपर्दछ ।
- विभिन्न संघसंस्थाहरूले दिइरहेका सेवाहरू अपाङ्गतामैत्री छन् वा छैनन् भन्ने विषयमा अपाङ्गता भएका व्यक्तिहरूका संस्थाले स्तरीय ढाँचा तयार गरी लेखाजोखा गर्ने कामसमेत गर्न सक्छन् । यसरी लेखाजोखा गरिएका प्रतिवेदनहरूमा भविष्यमा सञ्चालन गर्नुपर्ने सिफारिससमेत उल्लेख गरी सम्बन्धित संस्थामा पेस गर्नुपर्छ ।
- यो कार्य गर्दा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार उपभोगको आधारभूत तहमा घात पार्ने कुनै पनि विषयहरूलाई तत्काल सच्याउन वा त्यस्तो अवस्थाको परिवर्तन गर्न ती सेवाप्रदायक संस्थाहरूले केकस्ता अस्थायी व्यवस्थाहरू गर्न सक्छन् भन्ने कुरा पनि उल्लेख गर्नुपर्दछ । जस्तै : यदि कुनै सेवाप्रदायक संस्थाको मुख्य प्रवेशद्वारबाटै अपाङ्गता भएका व्यक्तिहरूको आवतजावत गर्न नसक्ने अवस्था देखिएमा त्यसलाई तत्काल सुधार गर्नुपर्दछ । क्रमैसँग सुधार गर्न सकिने विषयमा पहुँचयुक्तता ग्यारेन्टी गर्ने आधुनिक र नवीनतम उपायहरू क्रमशः भित्र्याउन सक्छन् ।
- सेवा पहुँचका बारेमा गरिने लेखाजोखामा सेवाप्रदायक संस्थामा रहेको मानवस्रोतमा अपाङ्गता भएका व्यक्तिहरूप्रतिको बुझाइ र पहुँचयुक्ततासम्बन्धी ज्ञानलगायतका विषयहरूमा समेत लेखाजोखा गरिनुपर्दछ । अन्यथा उपयुक्त भौतिक पूर्वाधारका बाबजुद अपाङ्गता भएका व्यक्तिहरूले ससाना विषयहरूमा विभेद वा होचीअर्घेली सहनुपर्ने वा सेवा लिइँदा दुरुत्साहनको व्यवहार भोग्नुपर्ने समेत हुन सक्दछ ।
- अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूले यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारका बारेमा कार्य गर्नका लागि संस्थाहरूबीच एकआपसमा साझेदारी गरी अपाङ्गता भएका व्यक्तिहरूमध्येबाटै यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारका बारेमा तालिम सञ्चालन गर्ने प्रशिक्षकहरू तयार गर्नुपर्दछ । यसरी तयार गरिएको जनशक्तिले क्रमशः अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरू र अन्य गैरसरकारी तथा सरकारी संस्थाहरूलाई अपाङ्गता समावेशी यौन तथा प्रजनन स्वास्थ्य शिक्षा अधिकारका बारेमा तालिम सञ्चालन गर्न सक्छन् ।
- अपाङ्गता भएका व्यक्तिहरूका संस्थाले प्रतिनिधित्व गर्ने सदस्यहरू वा विशिष्ट समूहको आवश्यकताअनुसार यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारका विषयमा जनचेतना र पैरवीका लागि सूचना शिक्षा तथा सञ्चारका सामग्रीहरू तयार गर्नुपर्दछ । यस्ता सामग्रीहरू व्यापक रूपमा प्रकाशन प्रसारण गर्नका लागि तीनै तहका सरकारसँग साझेदारी गर्न सक्यो भने प्रभावकारी हुन्छ । यी सामग्रीहरूले अन्य संघसंस्थाहरूलाई पनि सामग्रीहरू विकास गर्नका लागि सिक्ने मौका मिल्दछ ।
- अपाङ्गताभित्र रहेको विविधता समेट्न सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूसँगको आपसी साझेदारी सबैभन्दा महत्वपूर्ण छ अन्यथा आफ्नो आवाज राख्न सक्नेभन्दा बाहेकका अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्यका

विषयहरू सधैँ जस्तै छुट्नेछ र उनीहरूको समूह जोखिममा नै रहिरहने हुन सक्छ।

- अपाङ्गता भएका व्यक्तिहरूको संस्थाले आफूहरूबीच रहेको सफलताका कथाहरू बेलाबेलामा प्रकाशन प्रसारण गर्ने बन्दोबस्त मिलाउनुपर्छ। यसो गर्नाले सामाजिक सञ्चारमा सकारात्मक प्रभाव पार्न सहयोग पुग्छ।




***चित्र 4 : अपाङ्गता भएका व्यक्तिहरूको संस्थाको यौन प्रजनन स्वास्थ्यका विषयमा क्षमता अभिवृद्धिको दायरा चित्र।***

सामान्यतया अपाङ्गता भएका व्यक्तिका संस्थाहरू सेवा प्रवाह गर्नका लागि स्थापना भएका होइनन् । यद्यपि सरकार वा अन्य संघसंस्थाहरूबाट सामान्य सेवाहरू सञ्चालन भएनन् वा अपाङ्गतामैत्री हुन सकेनन् भने अपाङ्गता भएका व्यक्तिहरूका संस्थाले अन्तरिम रूपमा त्यस्ता सेवाहरू सञ्चालन गरी सरकारलाई सेवा सञ्चालनको नमुना प्रस्तुत गर्नुपर्ने हुन सक्छ। विचार पुर्‍याउनुपर्ने कुरा के छ भने यसरी सेवा प्रवाह गर्ने काम अस्थायी प्रकृतिको हुन्छ।


## 4.3 गैरसरकारी तथा निजी सेवाप्रदायकहरूको दायित्व

बृहत् यौनिकता शिक्षा वा यौन तथा प्रजनन स्वास्थ्यमा कार्यरत गैरसरकारी संस्थाहरू र निजी सेवाप्रदायकहरूले अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरणमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्। यसका लागि गैरसरकारी संस्थाहरूले निम्न कुराहरू गर्न सक्छन् :

- गैरसरकारी संस्थाहरूले आफूले सञ्चालन गर्ने कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरू समावेश गर्नका निमित्त केकस्ता कदमहरू चाल्नुपर्छ भन्नेबारेमा अपाङ्गता भएका व्यक्तिहरूकै संस्थासँग साझेदारी वा समन्वय गरी एकआपसमा सिक्न सिकाउन सक्छन्।
- गैरसरकारी संस्थाहरूले आफ्ना कार्यक्रमहरू निर्माण गर्ने समयमै अपाङ्गता भएका व्यक्तिहरूलाई वा उनीहरूका प्रतिनिधिमूलक संस्थालाई संलग्न गरी कार्यक्रमहरूको ढाँचा तयार गरेमा कार्यक्रम सञ्चालन गर्न र समावेशीकरण सुनिश्चित गर्न अझै सजिलो हुन्छ।
- अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकताका बारेमा गैरसरकारी संस्थाहरूले मध्यकालीन र दीर्घकालीन स्वरूपका विकासे कार्यक्रमहरू सञ्चालन गर्न सक्छन्। यसरी सञ्चालन हुने कार्यक्रमहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको संस्था र सम्बन्धित सरकारी निकाय र आफूहरूबीच त्रिकोणात्मक साझेदारीको स्वरूपमा सञ्चालन गर्न सक्छन्।
- त्यसै गरी सेवाप्रदायक संस्थाहरूले अपाङ्गता भएका व्यक्तिको यौन तथा प्रजनन स्वास्थ्य अधिकारका सेवाहरू सञ्चालन गर्दा उनीहरूलाई कसरी समावेश गर्ने भन्नेबारेमा अपाङ्गता भएका व्यक्तिहरूको सहयोग लिन सक्छन्।

**यी कार्यहरू गर्नुपूर्व संस्थाहरूले निम्नलिखित व्यवस्था मिलाउनुपर्ने हुन्छ**

- आफ्नो संस्थाको नीतिगत व्यवस्थामा नै अपाङ्गता भएका व्यक्तिहरूसँग कार्य गर्नका निमित्त आवश्यक पर्ने फेरबदलहरू गर्नुपर्दछ।
- संस्थामा अपाङ्गतासम्बन्धी कार्य गर्दा अपनाउनुपर्ने गैरभेदभावको नीति निर्माण गरी सम्पूर्ण कर्मचारीहरूलाई वितरण गरी सोको बारेमा अभिमुखीकरण गर्नुपर्दछ।
- संस्थाको भौतिक पूर्वाधार कम्तीमा पनि कुनै पनि अपाङ्गता भएका व्यक्तिहरूको आवागमनमा बाधा नहुने गरी निर्माण भएको वा आवश्यक सुधार गरेको सुनिश्चित गर्नुपर्दछ।




*चित्र 5 : अपाङ्गता समावेशीकरण पिरामिड*

- आफ्नो कार्यालयमा कार्यरत कर्मचारीहरूलाई अपाङ्गतासम्बन्धी आधारभूत तालिमहरू दिनुपर्दछ ।
- संस्थामा अपाङ्गतासम्बन्धी कार्यक्रम हेर्ने कर्मचारी वा फोकल व्यक्ति तोक्नुपर्दछ । यसरी तोक्दा अपाङ्गता भएका व्यक्तिलाई कार्यविवरणसहित जिम्मेवारी प्रदान गर्दा कार्य सञ्चालन प्रभावकारी हुन जान्छ ।
- क्षमता अभिवृद्धि र तालिम कार्यक्रम सञ्चालन गर्ने संस्थाहरूले आफ्ना कार्यक्रमका विषयवस्तु तथा पाठ्यक्रमहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता सुनिश्चित गर्ने गरी फेरबदल गर्नुपर्दछ ।
- अपाङ्गता भएका व्यक्तिहरूसँग काम गर्नका निमित्त न्यूनतम मापदण्ड एवं अपाङ्गता अधिकारसम्बन्धी संस्थाको घोषणा तयार गर्नुपर्दछ । यस किसिमको मापदण्ड र घोषणाले संस्थाको कार्यलाई निर्दिष्ट दिशा दिनुका साथै संस्थाको प्रतिबद्धतालाई सरोकारवालाहरूसमक्ष प्रदर्शन गर्छ ।
- आफूले प्रवाह गर्ने सेवाका निमित्त कुनै खास सफ्टवेयर वा उपकरणहरू खरिद गरिँदै छ भने अपाङ्गता भएका व्यक्तिहरूको पहुँचयुक्तता सुनिश्चित गरिएको प्रविधिहरूको खरिद गर्नुपर्दछ ।

## 4.4 विकास साझेदारहरूको दायित्व

नेपालमा विकासका विभिन्न कार्यक्रमहरू सञ्चालनका लागि विकासे साझेदारहरूको भूमिका सकारात्मक रहिआएको छ । यी साझेदारहरूको सहयोग संस्थाको आफ्नै लक्ष्यअनुरूप र देशको प्राथमिकताका आधारमा विविध क्षेत्र रहेका हुन्छन् । यौन तथा प्रजनन स्वास्थ्य शिक्षा कार्यक्रमहरूमा पनि दातृनिकाय र विकास साझेदारहरूको सहयोग हुँदै आएको छ यद्यपि अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारको पक्षमा खासै छैन वा नगण्य मात्रामा रहेको छ ।

### विकास साझेदारहरूको भूमिकालाई निम्नलिखित बुँदाहरूमा प्रस्ट पारिएको छ

- आफ्ना साझेदारहरू (सरकारी वा गैरसरकारी वा दुवै) लाई यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारका क्षेत्रमा कार्य गर्दा अपाङ्गता भएका व्यक्तिहरूलाई अनिवार्य रूपमा लक्षित समूहको रूपमा समावेश गरी सोही अनुरूप कार्यक्रमहरू तय गर्ने ।
- सरकारी वा गैरसरकारी साझेदारहरूलाई अपाङ्गता भएका व्यक्तिहरू लक्षित यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारका विषयमा कार्यक्रमहरू तय गरी साझेदारी गर्नुपर्नेछ ।
- अपाङ्गता भएका व्यक्तिहरूको संस्था वा उनीहरूको सञ्जालीकृत संस्थाहरूसँग साझेदारीमा यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारका कार्यक्रमहरू पनि समावेश गर्नुपर्नेछ ।
- अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य शिक्षा अधिकारका विषयमा रहेका रिक्तताहरू पुर्नका निमित्त आवश्यक पर्ने अध्ययन अनुसन्धान तथा तथ्य तथ्याङ्कलाई अद्यावधिक गर्ने जस्ता कार्यहरूमा सघाउने ।
- अपाङ्गता भएका व्यक्तिहरूलगायत यौन तथा प्रजनन स्वास्थ्य शिक्षाका क्षेत्रमा कार्य गर्ने व्यक्तिहरूलाई क्षमता अभिवृद्धिका निमित्त तालिम तथा अन्य क्षमता वृद्धिका कार्यक्रममा संलग्न गर्नका लागि सहयोग प्रदान गर्न सक्छन् ।
- अपाङ्गता समावेशी यौन तथा प्रजनन स्वास्थ्य तथा परिवार स्वास्थ्यका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन प्रकृतिका राष्ट्रिय परियोजनामा सरकारसँग साझेदारीमा कार्य गर्न सक्छन् ।

## 4.5 तथ्य तथ्याङ्क र अध्ययन अनुसन्धान

अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य सेवा उपभोग तथा शिक्षा र अधिकारका विषयमा हालसम्म पनि विश्वासयोग्य तथ्य र तथ्याङ्कहरू पाउन सकिँदैन भन्दा अन्यथा हुँदैन । अपाङ्गता भएका व्यक्तिहरूको संस्था र यौन तथा प्रजनन स्वास्थ्यमा कार्य गर्ने केही संघसंस्थाहरूले आफूले गरेका गतिविधिमा संलग्न अपाङ्गता भएका व्यक्तिहरूको तथ्य तथ्याङ्क राख्ने भन्दा बाहेक राष्ट्रिय स्तरबाट सञ्चालन भइरहेको सरकारी कार्यक्रमहरू वा यौन तथा प्रजनन स्वास्थ्य सेवाका अन्य कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या छुट्याएर राखिएको तथ्याङ्क पाइँदैन । यस्तो अवस्था हुँदा अपाङ्गता भएका व्यक्तिहरूको सेवा मागको अवस्था कस्तो छ ? उनीहरूको समावेशीकरण कुन स्थितिमा छ ? र उनीहरूलाई आवश्यक पर्ने विशिष्ट किसिमका सेवाहरू वा विशिष्ट आवश्यकताका सेवाहरू कसरी दिने भन्ने किसिमका कार्यक्रम तय गर्न सकिँदैन ।

अहिले पनि सरकारी कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूलाई केकति कार्यक्रम राख्ने भन्नेबारेमा तथ्य तथ्याङ्ककै अभाव देखाएर कार्यक्रम प्रस्ताव नहुने र सोही कुरा हरेक वर्ष दोहोरिने एउटा समस्या जस्तै छ । यसो हुन नदिनका लागि अपाङ्गता भएका व्यक्ति समाविष्ट गरिएको कार्यक्रमको तथ्य तथ्याङ्क राख्नुपर्ने हुन्छ । सेवाग्राहीहरूमध्य केकति अपाङ्गता भएका व्यक्तिहरू

आएका थिए भनेर छुट्याएर राख्न सकियो भने उनीहरूको सेवा आवश्यकताको बारेमा पहिचान गरी आगामी दिनका कार्यक्रमहरू निर्माण गर्न सजिलो हुन्छ । यसरी तथ्याङ्क राख्दा अपाङ्गता भएका व्यक्तिहरूको सवालमा भविष्यमा गर्नुपर्ने कार्यक्रमहरू गर्न समेत अत्यन्त सजिलो हुन्छ ।

अपाङ्गता भएका व्यक्तिहरूले केकस्तो सेवा माग गर्छन्, उनीहरूको सवालमा विशेष आवश्यकताका अन्य सेवाहरू कसरी दिने भन्नेबारेमा तथ्य तथ्याङ्कले नै सघाउनेछ ।

यसबाहेक अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारका विविध पक्षहरूमा अध्ययन तथा अनुसन्धानको खाँचो रहेको छ । हाल विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूले आफ्नो सोधपत्रका निमित्त गरेका ससाना अध्ययन वा संघसंस्थाहरूले आफ्ना कार्यक्रमका निमित्त गरेका अध्ययन वा सर्भेक्षणबाहेक अन्य अध्ययन अनुसन्धानहरू भएको पाइँदैन ।

यसरी हेर्दा अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारको सवालमा अध्ययन तथा अनुसन्धानको आवश्यकता देखिन्छ ।

- हाल उपलब्ध रहेका सेवा अभिलेखीकरण तथा प्रतिवेदनमा अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या र उमेर समूह खुलाउने व्यवस्था अनिवार्य गरिनुपर्दछ ।
- हाल उपलब्ध रहेका सेवाहरूमा अपाङ्गता भएका व्यक्तिहरूले माग गर्ने सेवाका प्रकृति र उनीहरूलाई सेवा दिइँदा पहुँचयुक्तताको निमित्त गरिएको अतिरिक्त व्यवस्थाको अभिलेखीकरण तथा प्रतिवेदन हुनुपर्दछ ।
- विश्वविद्यालयहरूबाट हुने ठूला स्तरका अध्ययन तथा अनुसन्धानमा अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य शिक्षाका विविध विषयहरूमा अध्ययन अनुसन्धान गर्ने व्यवस्था मिलाउनुपर्दछ ।
- समाजशास्त्र, स्वास्थ्य तथा शारीरिक शिक्षा, जनसङ्ख्या शिक्षा, चिकित्साशास्त्र तथा जनस्वास्थ्य जस्ता विषयहरूको अध्ययन गर्ने विद्यार्थीहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य शिक्षासँग सम्बन्धित विषयको अध्ययन अनुसन्धानका निमित्त व्यवस्था मिलाउनुपर्दछ ।
- अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्यसँग सम्बन्धित चिकित्सा विज्ञानभित्र पर्ने विषयहरूको पनि अध्ययन अनुसन्धान गर्ने व्यवस्था मिलाउनुपर्दछ ।
- सरकारले विनियोजन गरेको वार्षिक बजेटमा अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारका निमित्त तीनै तहमा छुट्याएको बजेटको वार्षिक समीक्षा र खर्चको लेखाजोखासमेत गर्ने व्यवस्था मिलाउनुपर्दछ ।
- अपाङ्गता भएका व्यक्तिहरूको संघसंस्थाले तीनै तहको सरकारसँग यस किसिमको तथ्य तथ्याङ्कहरू निर्माण गर्ने त्यसको प्रचारप्रसार गर्ने तथा त्यसमा सचेतना अभिवृद्धि गर्ने जस्ता कार्यको जिम्मेवारी सफलतापूर्वक वहन गर्नुपर्दछ ।

## 4.6 नीतिगत व्यवस्था

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिको प्रस्तावनामा

> *‘अपाङ्गता भएका महिला र बालिकाहरू घरभित्र र बाहिर दुवै स्थानमा अक्सर हिंसा, चोट वा दुर्व्यवहार, तिरस्कार वा तिरस्कारजन्य व्यवहार, गलत व्यवहार वा शोषणको उच्च जोखिममा भएका स्वीकार गर्दै’*[10]

थप व्यवस्था गरिएको छ । महासन्धिको सिद्धान्तमा पुरुष र महिलाबीचको समानता र धारा ६ मा अपाङ्गता भएका महिलाहरूको अधिकारको व्यवस्था गरिएको छ । धारा १२ मा अन्य नागरिकसरह जीवनका हरेक पक्षहरूमा अपाङ्गता भएका नागरिकले पनि उच्चतम रूपमा बराबरीको हैसियतमा कानुन प्रयोग गर्न पाउने भन्ने कुरा उल्लेख गरिएको छ । यसको अर्थ अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा यौनिकतासमेत सम्पूर्ण रूपमा आफ्नो जीवन जिउन पाउने कुरालाई उल्लेख गरिएको हो । महासन्धिको धारा ९ मा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचयुक्तताको कुरा गरिएको छ जसमा स्वास्थ्यसम्बन्धी सबै खाले सुविधाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच हुनेछ भनिएको छ । यसबाट यौन तथा प्रजनन स्वास्थ्यमा पनि अपाङ्गता भएका व्यक्तिहरूको पहुँच स्थापित हुनुपर्छ भन्ने मान्यता हो । धारा १६ मा अपाङ्गता भएका व्यक्तिहरूविरुद्ध हुने सबैखाले हिंसा दुर्व्यवहारबाट संरक्षण गर्न पक्ष राष्ट्रहरूले सम्पूर्ण उपर्युक्त व्यवस्थापकीय, प्रशासनिक, सामाजिक, शैक्षिक तथा अन्य उपायहरू अवलम्बन गर्ने छ भनिएको छ ।

10 अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धिको प्रस्तावनाको एक अंश

महासन्धिको धारा २२ मा अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको गोपनीयताको हक उल्लेख गरिएको छ र यसमा उनीहरूको स्वास्थ्यसँग सम्बन्धित सूचनाहरूको गोपनीयतासमेतको ग्यारेन्टी गरेको छ।

धारा २३ मा घर तथा परिवारको सम्मानका विषयमा उनीहरूले आफ्नो परिवार बसाउने, जन्मान्तर गर्ने, कति बच्चा पाउने, परिवार नियोजन तथा यौन स्वास्थ्यका सूचना, सञ्चार शिक्षा र सेवाहरूमा पहुँच पाउनुपर्ने कुरा उल्लेख गरिएको छ।[11]

आईसीपीडी (International Conference on Population and Development) को कार्ययोजनालगायत दिगो विकास लक्ष्यजस्ता अन्तर्राष्ट्रिय दस्तावेजहरूले पनि अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य शिक्षाको अधिकार सुनिश्चित गरेको छ।

नेपालको संविधान २०७२ मा पनि अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्यसँग सम्बन्धित अधिकारहरू विविध धाराहरूमा उल्लेख भएको छ।

नेपालको संविधानमा विशेषतः समानताको हक, महिलाहरूको हकका लागि भएका व्यवस्थाहरूमा अपाङ्गता भएका महिलाहरूको पनि अधिकारको व्यवस्था गरिएको छ। बालबालिकाको हक, सामाजिक न्यायको हक जस्ता शीर्षकहरूमा पनि अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्यसँग सम्बन्धित केही कुराहरू रहेका छन्।

बालबालिकाको हकसम्बन्धी कानुन, २०१८ मा पनि यौन तथा प्रजनन स्वास्थ्यसँग सम्बन्धित विविध व्यवस्थाहरू गरिएको छ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन, २०७४ मा अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्यसँग सम्बन्धित व्यवस्थाहरू गरिएको छ। विशेष गरी यस ऐनमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको खण्डअन्तर्गत विभेदविरुद्धको अधिकार, संरक्षणका अधिकारमा अपाङ्गता भएका व्यक्तिहरूको प्रजनन स्वास्थ्य अधिकारका कुराहरू जोडिएको छ। यस ऐनमा अपाङ्गता भएका महिलाहरूको अधिकारको छुट्टै खण्ड छ र त्यसमा उनीहरूको स्वास्थ्य र प्रजनन अधिकारलाई उनीहरूको विशेष अवस्था हेरी संरक्षण गर्ने कुरा उल्लेख गरिएको छ। त्यसै गरी स्वास्थ्य पुनर्स्थापना र सामाजिक सुरक्षा, खेलकुद र मनोरञ्जनबारेमा व्यवस्था गर्ने खण्डमा पनि अपाङ्गता भएका व्यक्तिहरूको सन्दर्भमा विविध व्यवस्थाहरू गरिएको छ।

विभिन्न नीति तथा कार्यक्रमका दस्तावेजहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सन्दर्भमा सिधै व्यवस्था गरिएको छैन। यद्यपि त्यसमा सबै नागरिकका लागि गरिएका व्यवस्थाहरू अपाङ्गता भएका व्यक्तिहरूका सन्दर्भमा पनि लागू हुने कुरा हामीले मनन गर्नुपर्दछ। अपाङ्गता भएका व्यक्तिहरूको प्रजनन स्वास्थ्य अधिकारका सन्दर्भमा निम्नलिखित नीति तथा व्यवस्थाहरू मुख्य रूपमा रहेका छन्।

- राष्ट्रिय स्वास्थ्य नीति, २०७४
- अपाङ्गता भएका बालबालिकाहरूको व्यवस्थापनसम्बन्धी राष्ट्रिय नीति, २०६४
- राष्ट्रिय युवा नीति, २०१५
- फौजदारी संहिता, २०७४
- जनस्वास्थ्य ऐन, २०७५
- सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य ऐन, २०७५
- अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी नियमावली, २०७७

## 4.7 र अन्त्यमा

*यौन तथा प्रजनन स्वास्थ्यको मुद्दामा अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण प्रमुख आवश्यकता हो। त्यसका निमित्त सबै सरोकारवाला निकायहरूले अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकासमा लगानी गर्नुपर्छ। साथै यौन तथा प्रजनन स्वास्थ्य सचेतना, शिक्षा, सेवाको उपलब्धता र पहुँच सम्बन्धमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागितामा कार्यक्रम सञ्चालन गर्ने अभिभारा पूरा गर्न हामी सबै एकबद्ध भई लाग्नुपर्नेछ।*

11 अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि

# सन्दर्भ सामग्रीहरूको सूची

a. BYAN Strategy Plan

b. Essential Packages Manual: Sexual and Reproductive Health and Rights Programmes for Young People **(2016)** – Rutgers et al

c. Everybody Matters – Dutch Coalition on Disability and Development and Share-Net International

d. Inclusive-Health (Toolkit on Disability for Africa) – United Nations

e. Policy Brief **2019** – BYAN

f. Promoting sexual and reproductive health for persons with disabilities - WHO/UNFPA guidance note

g. Sexual Health Education for Young people with disabilities educators – Advocates for Youth

h. Sexuality Across the Lifespan (An instructional guide for educators of individuals with developmental disabilities) - Florida Developmental Disabilities Council & Florida Center for Inclusive Communities

i. SRHR Position Paper – BYAN **2020**

j. Toolkit for involving young people as researchers in sexual and reproductive health programmes – IPPF

k. Training Manual for sensitizing intermediaries on sexual rights of young people with learning disabilities (Keep Me Safe) – IPPF

l. Understanding the Barriers to Young People's Access to Sexual Reproductive Health Services in Sierra Leone (2012) – Restless Development

# हाम्रा केही भनाइ

यो टुलकिट यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारसम्बन्धी कार्यक्रमहरूमा अपाङ्गता भएका युवा तथा किशोरकिशोरीहरूको समावेशीकरण प्रवर्द्धन गर्नका निमित्त एउटा व्यावहारिक मार्गदर्शनको आवश्यकता परिपूर्ति होस् भन्ने हेतुले नेत्रहीन युवा संघ नेपालद्वारा तयार गरिएको हो ।

अपाङ्गता भएका व्यक्तिहरूको सवालमा काम र वकालत गरिरहने क्रममा संस्थाले आफैँले सामना गर्नुपरेको अनुभव तथा भोगाइको आधारमा यस पुस्तक तयार गरिएको छ । यसरी पुस्तक विकास गर्ने क्रममा नेत्रहीन युवा संघ नेपालले अध्यनहरूको समीक्षा, अपाङ्गता भएका व्यक्तिहरुले स्थापना गरेका विभिन्न अधिकारमुखी संस्थाहरूको सल्लाहसुझावहरू र विषयविज्ञसँग परामर्श गरिएको थियो ।

यस टुलकिट निर्मणको क्रममा  सामग्रीलेखन तथा सङ्कलन, प्रामाणीकरण जस्ता कार्यमा संलग्न भई योगदान पुर्‍याउनुहुने सबैमा  हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ।

अपाङ्गता भएका किशोरकिशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्य प्राप्तिको अभियानमा यो टुलकिट एक महत्त्वपूर्ण कोसे ढुङ्गाको रूपमा रहने विश्वाससहित सबैमा सहकार्यका लागि हार्दिक आह्वान गर्दछौँ।

कलाधर भण्डारी

अध्यक्ष

नेत्रहीन युवा संघ नेपाल